वर्ष : २०, अंक : ३३, काठमाडौं, २०८१ माघ ११ गते शुक्रबार, 24 January, 2025, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://twitter.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## संघीयताका सूत्रधार र मधेशवादका प्रणेता गजेन्द्रनारायण सिंहको पुण्यतिथि

# 'झापादेखि कञ्चनपुरसम्मको मधेशी समुदायलाई एउटा सूत्रमा बाँध्ने कुशल संगठनकर्ता र दूरदर्शी राजनेता थिए गजेन्द्रबाबु'

काठमाडौं। नेपालमा आज संघीयता, समावेशिता, समानुपातिक सहभागिता, नागरिकता समस्या लगायतका मूलभूत एजेन्डाहरु कार्यान्वयनको अवस्थामा छ। आजभन्दा ३५ वर्ष पहिला नै नेपाल सद्भावना पार्टीका संस्थापक गजेन्द्र नारायण सिंहले यी मुद्दाहरु उठान गरेका थिए। नेपाल जस्तो विविधतायुक्त मुलुकमा संघीयता नै उत्तम विकल्प रहेको उनको अडान आज नेपालमा आंशिकरुपमा लागू भएको छ। गजेन्द्रबाबुले मार्गदर्शन गरेको संघीयताभन्दा अहिले कुरुप अवस्थामा ठूला दलहरुले बनाइदिएको छ।




स्व. गजेन्द्र नारायण सिंहको माघ १० गते पुण्यतिथि मनाइएको छ। नेपालको प्रजातान्त्रिक आन्दोलनमा सक्रिय सिंहले नेपाली कांग्रेसबाट अलग भई पूर्वाञ्चल कांग्रेस गठन गरेका थिए। २०४० सालपछि नेपाल सद्भावना परिषद् हुँदै उनले २०४७ साल वैसाख ३ गते नेपाल सद्भावना पार्टी गठन गरे। परिषद्को उद्देश्य स्पष्ट थियो- नेपालको भूगोलभित्र मधेशी समुदायमाथिको भेदभावको अन्त्य, पहिचान र नागरिक अधिकारसम्पन्न समतामूलक समाज निर्माण।

बहुदलीय प्रजातन्त्र आएपछि २०४७ सालमा सिंहले सद्भावना परिषद्लाई सद्भावना पार्टीमा रूपान्तरण गरे। परिषद् स्थापनाका दिनदेखि नै सिंहले मधेशी समुदायमा अधिकारबारे चेतना जागृत गर्ने अभियान सञ्चालन गरेका हुन्।

सम्भवत: राजनीतिमा यो नै सिंहको सर्वाधिक महत्वपूर्ण योगदान हो। नेपालमा सामुदायिक अथवा क्षेत्रीय राजनीतिलाई प्रवेश गराउने श्रेय पनि उनलाई नै जान्छ। सबैभन्दा महत्वपूर्ण उनको उपलब्धी भनेको संघीयता हो र त्यसभित्र पनि मधेश प्रदेश नामक एक प्रदेश/प्रान्त बन्न सफल हुनु हो।

नेपाललाई संघीयतामा लैजानुपर्ने विचार सिंहकै थियो र त्यसका लागि उनले पार्टी नै स्थापना गरेर नेपाली राजनीतिमा आफ्नो स्थान बनाए। अहिले नेपाल आंशिक संघीयतामा गएको छ। समावेशी र मधेशका विषयलाई नेपाली राजनीतिमा स्थापित गराउने पनि सिंह नै हुन्।

सिंहको पुण्यतिथिको अवसरमा गजेन्द्र नारायण सिंह अध्ययन केन्द्रले विचार विमर्श कार्यक्रम आयोजना गरेको थियो। गजेन्द्र नारायण सिंह अध्ययन केन्द्रद्वारा गजेन्द्र बाबुको २४औं पुण्यतिथिको अवसरमा काठमाडौं लगायत मधेशको विभिन्न जिल्लाहरुमा "गजेन्द्र बाबुको चिन्तन र मधेशको भावी कार्यदिशा" विषयक विचार विमर्श कार्यक्रम आयोजना गरेको थियो।

कार्यक्रममा बोल्ने सम्पुर्ण नेताहरुले गजेन्द्र बाबुले विकट परिस्थितिमा गरेको अधिकार पहिचानको आन्दोलनको मुक्त कण्ठले प्रशंसा गरेका थिए। साथै सबै मधेशवादी पार्टीहरुले पुन: सहकार्य गर्नुपर्ने र आदिवासी जनजाति लगायत उत्पीडित अन्य जाति र समुदायसँग समेत सहकार्य गर्नुपर्ने बताए। काठमाडौंको कृष्णभोग पार्टी प्यालेश, नयाँ बानेश्वरमा आयोजित कार्यक्रममा राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतो, जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव, जनता प्रगतिशील पार्टीका अध्यक्ष हृदयेश त्रिपाठी, तमलोपाका अध्यक्ष वृषेश चन्द्र लाल, जसपाका सहअध्यक्ष रेणु यादव, जसपाका नेता तथा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री नवल किशोर साह, जनमत पार्टीका अध्यक्ष डा.सीके राउत, नेपाल संघीय सामाजवादी पार्टीका महासचिव अनन्त राई, जसपा नेपालका उपाध्यक्ष राजकिशोर यादव, जसपा नेपालका प्रवक्ता मनिष सुमन, जप्रपाका वरिष्ठ उपाध्यक्ष डा. शिवजी यादव, नागरिक पहिलोका नेता प्रशान्त सिंह, प्राध्यापक डा. विनय मिश्र, मधेशी पत्रकार समाजका अध्यक्ष मोहन सिंह, अभियानी रिता साह, हिमालिनीका प्रधान सम्पादक सचितानन्द मिश्र, अभियानी कंचना झा, रामकुमार शर्मा, डा. शरद सिंह यादव, शैल कुमारी देवी, कमला कुमारी गुरुङ, सन्तोष मेहता, बुद्ध छिरिङ मोक्तान, सुमन सायमी, जुनतारा पुन मगर, विमला लामा, संजय कुमार, संजय यादव, अनन्त अनुराग, राजिव देव, पंकज देव, ब्रजकिशोर सिंह, बीपी साह, हेम शंकर सिंह, आभाष गुरु, दिपक गुप्ता, सि. एन. थारु, निमेश कर्ण, सुरेश यादव, सुभास साह, राजेश मिश्र, पंकज मिश्र, राजेश राय, दिपेन पन्त, दिल बहादुर निशानी, किशोर गुरु, दिपेश दनुवार, संयोग देव लगायतका व्यक्तित्वहरुको उपस्थिति रहयो।

कार्यक्रमको संचालन श्री केशव झाले गरेका थिए भने अध्यक्षता श्री अनिलकुमार महासेठले गरेका थिए।

## 'हाम्रो संघर्ष निरन्तर अगाडि बद्दै छ, कुनै पनि बेला विस्फोट हुनसक्छ'



काठमाडौं। लोकतान्त्रिक समाजवादी पार्टी नेपालका महासचिव डा.सुरेन्द्र झाले आफूहरुको संघर्ष निरन्तर अगाडि बढिरहेको बताउँदै कुनै पनि बेला विस्फोट हुनसक्ने चेतावनी दिएका छन्। १८औं मधेश बलिदानी दिवसको अवसरमा शनिबार लोसपाको केन्द्रीय कार्यालयमा लोकतान्त्रिक विद्यार्थी संघले आयोजना गरेको कार्यक्रममा सम्बोधन गर्दै उनले यस्तो चेतावनी दिएका हुन्। उनले शहीदहरुको योगदानबारे चर्चा गर्दै भने, 'हाम्रो संघर्ष निरन्तर चलिरहेको छ, यो संघर्ष कहिले कुन रुपमा विस्फोट हुन्छ भन्न सकिन्न।'

मधेश आन्दोलनको प्रथम शहीद रमेश महतोको सहादतलाई स्मरण गर्दै महासचिव डा.झाले भने, 'सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुको सहादतबाट प्रेरणा लिनका लागि हामीले आजको दिनलाई बलिदानी दिवस मनाइरहेका छौं।' उनले मधेश आन्दोलनको उपलब्धीबारे चर्चा गर्दै भने, 'मधेश आन्दोलनबाट नै देशमा संघीयता आएको हो। यसबाट मधेशी मात्र नभई नेपालका सम्पूर्ण उत्पीडित, शोषित र उपेक्षित समुदायले लाभ लिइरहेका छन्।'

## 'शहीदहरूको सहादतलाई हामी खेर जान दिन्नौं'



काठमाडौं। १८औं मधेश बलिदानी दिवसको अवसरमा लोकतान्त्रिक समाजवादी पार्टी नेपालका महासचिव मनिष मिश्रले मधेशी शहीदहरुको सहादतलाई खेर जान नदिने प्रण गरेका छन्। लोसपानिकट लोकतान्त्रिक विद्यार्थी संघले आयोजना गरेको बलिदानी दिवस कार्यक्रमलाई सम्बोधन गर्दै महासचिव मिश्रले शहीदहरुकै प्रेरणाबाट अगाडि बढिरहेको बताएका छन्। उनले भने, 'मधेशी शहीदहरुकै शहादतका कारण आज देशका सम्पूर्ण उत्पीडित जातजातिहरुले राज्यका विभिन्न निकायहरुमा ठाउँ पाएका छन्।'

'मधेशी शहीदहरुको सहादलतलाई कुनै पनि हालतमा हामी खेर जान दिन्नौं', उनले भने, 'आगामी दिनमा लोसपासँग मुद्दा, विचार र सिद्धान्त मिल्नेहरुसँग एकताबद्ध भएर शहीदहरुको परिकल्पनालाई साकार पार्छौं।' मधेशी समुदाय नेपालमा बहुसंख्यक हुँदा पनि आरक्षणमा बाँचिरहनुपर्ने दुर्भाग्यको कुरा रहेको भन्दै उनले बहुसंख्यक समुदायलाई पनि राज्यको पहुँचबाट बञ्चित गरिएको प्रति आक्रोश व्यक्त गरेका थिए। नेपालमा मधेशी समुदायलाई दबाएर कुनै पनि समृद्धि प्राप्त हुनसक्ने भन्दै उनले भने, 'जुन देशमा बहुसंख्यक समुदायलाई दबाएर समृद्धिको कुरा गर्छ, त्यो असम्भव हो।'

## शहीदको शालिकलाई शुद्धिकरण गरेर मनाइयो बलिदानी दिवस

सिरहा। मधेशी शहीदको शालिकलाई मधेशी दलका नेताहरुले अछुत बनाएको भन्दै युवा तथा नागरिक समाजका अगुवाहरुले शुद्धिकरण गरेका छन्। माघ ५ गते मधेश बलिदानी दिवसको अवसरमा सिरहाको लहानमा रहेका मधेश आन्दोलनका शहीदहरुको शालिकलाई युवा तथा नागरिक समाजका अगुवाहरुले गंगाजल छर्केर शुद्धिकरण गरेका छन्।







मधेश जनजागरण अभियानका (त्रिनेत्र)का संयोजक रंजित कुमार झाले मधेशी दलका नेताहरु मधेशी शहीदको अपमान गर्दै आएको गम्भीर आरोप लगाएका छन्। उनले मधेशी युवाहरुलाई हत्या गर्ने ठूला दलका नेताहरुको पाउँपुजा गर्नेहरुले शहीदको शालिक छोएकोले अछुत भइसकेको भन्दै गंगाजल छर्केर शुद्धिकरण गरिएको दाबी गरे।

मधेशका मसीहा भनाउने उपेन्द्र यादव, महन्थ ठाकुर, राजेन्द्र महतो र सीके राउतहरुले मधेश आन्दोलनका एजेण्डालाई छोडिसकेको उनीहरु सत्ता र भत्तामा मात्र समाइरहेको आरोप नागरिक समाजका अगुवाहरुले लगाए।

## मधेशको मुक्तिका लागि अझै संघर्ष आवश्यक छ : राजेन्द्र महतो

लहान। १८औं बलिदानी दिवसको अवसरमा मधेश र देशको लागि ज्यानको आहुति दिने ज्ञात-अज्ञात सम्पूर्ण वीर शहीदहरूको सम्झनामा लहानमा रहेको शहीदहरूको सालिकमा राष्ट्रिय मुक्ति पार्टी नेपालका केन्द्रीय अध्यक्ष राजेन्द्र महतोले माला अर्पण गर्दै शहीद परिवारहरूलाई दोसल्ला ओढाई सम्मान गरेका छन्।



यस अवसरमा बोल्दै पूर्वउपप्रधानमन्त्रीसमेत रहेका महतोले मधेशको मुक्तिका लागि अझै संघर्ष आवश्यक रहेको बताएका हुन्।

उनले भने, "मधेशले एकल नश्लीय औपनिवेशिक शोषणविरुद्ध बिद्रोह गरेको हो। तर, उपनिवेशबाट मधेश अझै मुक्त हुन सकेको छैन। मधेसी जनताले बलिदानी दिए, कडा प्रतिरोध गरे तर पनि पूर्ण सफलता हात पार्न सकेनौं। असफलतापछि संघर्षको रणनीति परिवर्तन गर्नुको सट्टा केही नेताहरूले सत्ता सामु आत्मसमर्पण गरे।"

महतोले शहीदहरूको सपना पूरा गर्न राष्ट्रिय मुक्ति क्रान्तिको आवश्यकता औंल्याउँदै मधेश मुक्तिको खाका तयार गर्दै बहुलराष्ट्र राज्यको स्थापना गर्नुपर्ने बताए।

"यस प्रणालीमा सम्पूर्ण राष्ट्रविहीन राष्ट्रका जनताले अपनत्व महसुस गर्नेछन्। सबै भाषा र संस्कृतिको सम्मान हुनेछ," उनले भने।

महतोले मधेशी, थारु, पहाडका जनजाति, मुस्लिम र दलित लगायत सम्पूर्ण समुदायको सभ्यता र संस्कृतिको रक्षा गर्दै सुशासन र समृद्धिको लागि एकजुट भएर संघर्ष गर्न अपिल गरे।

उनले थपे, "सत्ताको लोभले सहिदको सपना पूरा हुँदैन। यो जनतालाई ढाँट्नु बाहेक केही होइन। सहिदहरूको प्रति सच्चा श्रद्धाञ्जलि दिन सम्पूर्ण नेपाली जनता एक भई अन्तिम पटक संघर्ष गर्नुपर्छ।"

कार्यक्रममा शहीद परिवारहरूले शहीदहरूको सम्मानप्रति कृतज्ञता व्यक्त गरेका थिए। बलिदानी दिवसको यो अवसरले मधेशको स्वतन्त्रता र अधिकार प्राप्तिका लागि संघर्षलाई पुन: सशक्त बनाउने सन्देश दिएको छ।

## सम्पादकीय

# स्व.गजेन्द्रबाबुको मार्गदर्शन र वर्तमान मधेश राजनीति

नेपाली राजनीतिज्ञहरुमध्ये एक दूरदर्शी नेतृत्वको नाम हो स्व.गजेन्द्र नारायण सिंह । नेपालका सम्पूर्ण उत्पीडित, उपेक्षित समुदायका लागि सडकदेखि सदनसम्म आवाज उठाउने राजनेता एवं नेपाल सद्भावना पार्टीका संस्थापक स्व.गजेन्द्र नारायण सिंहको पुण्यतिथि मनाइएको छ । उनले स्थापना गरेको सद्भावना पार्टीको प्रमुख एजेन्डाको रूपमा नागरिकता, आरक्षण (समानुपातिक समावेशिता), जनसंख्याको आधारमा निर्वाचन क्षेत्रको गठन तथा सघीयतालाई अघि सारेका थिए । उनी बाँचुञ्जेलसम्म उपरोक्त राजनीतिक मुद्दाहरूले देशमा व्यापक चर्चा पाए पनि समाधान हुन सकेको थिएन । सिंहको त्याग इमानदारी एवम् विचारलाई ओझेलमा पारेर मधेशी दलहरुले आआफ्नो रोटी सेक्ने असफल प्रयास गर्दैछन् । राजनीतिमा परिवारवादका उनी घोर विरोधी थिए ।

नेपाली राजनीतिमा मधेश राजनीतिलाई स्थापित गराउने व्यक्ति हुन् गजेन्द्रनारायण सिंह । सिंहको जन्म सप्तरी जिल्लाको कोइलाडी गाविसमा पिता केपी सिंह तथा माता राधादेवी सिंहको दोश्रो सन्तानको रूपमा भएको थियो । गाउँकै विद्यालयमा प्रारम्भिक शिक्षा लिएका सिंहले भारतबाट म्याट्रिक परीक्षा पास गरेका थिए । उनले बनारसमा आइएमा नामांकन गराए पनि राजनीतिक सक्रियताका कारण उच्च शिक्षा अध्ययन गर्न सकेनन् । नेपाललाई संघीयतामा लैजानुपर्ने विचार सिंहकै थियो र त्यसका लागि उनले पार्टी नै स्थापना गरेर नेपाली राजनीतिमा आफ्नो स्थान बनाए । नेपालको प्रजातान्त्रिक आन्दोलनमा सक्रिय सिंहले नेपाली कांग्रेबाट अलग भई पूर्वाञ्चल कांग्रेस गठन गरेका थिए । २०४० सालपछि नेपाल सद्भावना परिषद् हुँदै उनले २०४७ साल वैसाख ३ गते नेपाल सद्भावना पार्टी गठन गरे । तत्कालीन समयमा भारतमा महात्मा गान्धीको स्वतन्त्रता आन्दोलन चल्दै थियो । उक्त आन्दोलनबाट प्रेरित भएका सिंहले राणा शासनको विरूद्ध सन् १९४७ मा नेपाल राष्ट्रिय कांग्रेसमा सक्रिय भएका थिए ।

सन् १९४९ को सत्याग्रह आन्दोलनमा सहभागी भएका सिंह आफ्नै जिल्लामा जेल परेका थिए । सन् १९५० देखि ६० सम्म नेपाली कांग्रेसको जिल्ला अध्यक्ष रहेका सिंह १९६० देखि ७७ सम्म कांग्रेसको केन्द्रीय सदस्य रहे । २०३९ सालमा नेपाली कांग्रेस परित्याग गरी २०४० सालमा नेपाल सद्भावना परिषद् गठन गरी २०४७ सालमा नेपाल सदभावना पार्टी बनाएका थिए । २०४२ सालमा राष्ट्रिय पंचायत सदस्य भएका सिंह २०४८ र २०५१ मा सांसदमा निर्वाचित भएका थिए । सिंहको निधन २०५८ माघ १० गते भएका थियो । २०४७ सालमा दर्ता भएको नेपाल सद्भावना पार्टीले काठमाडौंको भद्रकालीमा १५ दिने रिले अनशन गरेको थियो भने पहिलो आमसभा २०४७ साल मंसिरमा काठमाडौंकै टुँडिखेलमा गरेको थियो । उक्त आमसभा राज्यद्वारा विथोलिएको थियो भने मधेशी नेताहरूमाथि कुटपिट भएको थियो । जसको विरोधमा २०४७ माघमा सिंहदरबार अगाडि प्रदर्शन गर्दा पनि कुटपिट भएको थियो । जसमा संस्थापक नेता रामजनम तिवारीको हात भाँचिएको थियो । सद्भावनाले संसदमा प्रवेश पाएसँगै धोतीकुर्ता, हिन्दी भाषाले पनि सदनमा प्रवेश पाएको थियो । २०४७ सालमा संघीयता, समावेशी, मधेशको नागरिकता समस्या, मधेशको भाषा समस्यालगायतका विषयलाई उठाएर राजनीति सुरू गरेको नेपाल सद्भावना पार्टी अहिले इतिहासमा सीमित भएको छ ।

*गतांकको बाँकी...*

# राष्ट्रिय मुक्ति क्रान्ति नेपालको पुरक दस्तावेज

## (कार्यदिशा एवं एकीकृत कार्ययोजनाको संस्लेषण)

राष्ट्रिय बजेटमा कति रकम विनियोजन गरिन्छ, कुन कानुनको तर्जुमा हुन्छ र के हटाइन्छ भन्ने कुरामा पनि अमुर्त शक्तिको प्रभाव हुन्छ।

अदृष्य शक्ति- शक्तिका विभिन्न स्वरूपमध्ये यो शक्ति पहिल्याउनु कठिन छ। यो अवस्था तबसम्म हुने गर्दछ जबसम्म हामीले यसलाई पहिल्याउने पद्धति र स्थानबारे ज्ञान प्राप्त गर्दैनौं । अदृष्य शक्तिले मानिसले कसरी सोच बनाउँछन् र आफ्नो बारेमा के महसुस गर्दछन् ( मानिसहरूको आत्मचित्रण, आत्मबल) भन्ने कुरालाई प्रभाव पार्दछ। यसले सामाजिक आचरण एवं पूर्वाग्रहको सिर्जना गर्दछ र व्यक्तिका चाहना एवं आवश्यकतालाई प्रभावित पार्ने गर्दछ।

विचारधारा सम्भवत: अदृष्य शक्तिको सबैभन्दा प्रभावशाली एवं व्यापक स्वरूप हो किनकि यसले विश्वास, विचार र मूल्य-मान्यतालाई जनाउँछ जसले के सही र के गलत भन्ने अवधारणाको विकास गराउँछ, उचित वा अनुचित, प्राकृतिक वा अप्राकृतिक भन्ने चिनारी दिनेगर्दछ। यो एक अदृष्य शक्ति हो जसले हामीलाई अन्यायपूर्ण सामाजिक प्रणाली स्वीकार गर्न, यसमा सहभागी गराउन र सहयोग गरी बचाइ राख्न एवं आफ्नै दुर्बलीकरण गर्न पनि सिकाउँछ। वर्णको विचारधारा ( गोराहरू काला वर्णभन्दा उच्च), विषमता (पुरुष महिलाभन्दा सबल), सभ्यता ( जनजाती भन्दा जात सभ्य) तथा उचनीच जात (केही जात अरुभन्दा उच्च हुने विचार) अदृष्य शक्तिका उदाहरणहरू हुन् जसले मानिसको आत्मचित्रण, आचरण तथा पूर्वाग्रहलाई स्वरूप दिनेगर्दछ। यो सबै विचारधारा हो र हामीले निर्धारण गरेको स्वदेशवाद विचारधाराले उपरोक्त अप्राकृतिक विचारधारालाई विसंस्थापन गर्छ।

सञ्चार माध्यम, विज्ञापन वा फिल्म तथा व्यापारिक उद्योग अदृष्य शक्तिका बलिया उदाहरण हुन्। समाचारले दैनिकरूपमा कुन विषयलाई प्राथमिकता दिने र कुनलाई महत्व नदिने भन्ने छनौट गरेर एवं आजको सबैभन्दा महत्वपूर्ण विषयबारे बताएर अदृष्य शक्ति प्रयोग गर्ने गर्दछन्। उनीहरूले महत्व नदिएका र नसमेटेका विषयहरू पनि महत्वपूर्ण हुन्छन्। तर कुनै विषयलाई अदृष्य बनाएर यिनीहरूले हाम्रो सामाजिक, आर्थिक तथा राजनीतिक प्राथमिकताहरूलाई प्रभावित गर्छन् र हामीलाई थाहै नदिई कुन विषय महत्वपूर्ण हो वा होइन भनेर प्रभाव पारिरहेका हुन्छन्। विज्ञापन वा फिल्म उद्योगले पनि यसै गरिरहेको हुन्छ। के राम्रो हो, के आकर्षक, खराब वा नकारात्मक हुन्छ भनेर मान्यता तयार पार्न सघाइरहेका हुन्छन्। यसबारे सचेत नभईकन नै हरेक दिन हामीलाई सभ्य(उ जस्तो) हुन, गोरो हुन, कुनै मोडेलजस्तो हुन, निश्चित लुगा लगाउन वा जुत्ता, फोन, वा उपकरण किन्ने चाहना पैदा गराउन भुमीका खेलिरहेका हुन्छन्। हाम्रो मूल्य-मान्यता, हाम्रो भाषा, लुगा एवं व्यवहारलाई परोक्ष रूपमा प्रभाव पारिरहेका हुन्छन्। यो नै अदृष्य शक्ति हो।

ङ) क्रान्तिको निम्ति आवश्यक अनुकुल अन्तर्राष्ट्रिय शक्ति (अप्रत्यक्ष शक्ति) बुझौं देशको सामाजिक परिवेश अनुरुप राजनीतिक व्यवस्थाले कुनै किसिमको प्रतिक्रिया नदिँदा क्रान्तिको जन्म हुन्छ। उपरोक्त अवस्थाको साथ साथै अन्तर्राष्ट्रिय शक्ति वा परिस्थिति पनि महत्वपूर्ण हुन्छ। किनभने कुनैपनि घटना स्थानीय हुदैन ब्रह्माण्डीय हुन्छन भनेर हाम्रो सिद्धान्तले भन्छ । कुनै एउटा देशमा भएको आन्दोलन उक्त देशको घरेलु कारण मात्र हुदैनन त्यसका कारण विश्व व्यापी हुन्छ । विश्वको अनुकुल परिस्थिति भए नभएको बुझ्नु अत्यन्तै आवश्यक हुन् जान्छ । अन्तर्राष्ट्रिय परिस्थिति बुझ्नु र सोहीअनुसार रणनीति बन्न सक्यो भने त्यसले शक्ति प्रदान गर्दछ । यी परिस्थितिहरु अनुकुल भए वा गराइए क्रान्तिकारी परिवर्तनका लागि स्वत इन्धनको रूपमा काम गर्छन्।

१) विश्व अनिश्चितताको अवस्था अर्थात सैद्धान्तिक वैचारिकरुपमा समस्या- वर्तमान अन्तर्राष्ट्रिय परिस्थितिको सामान्य विशेषता अनिश्चितता हो। संसार अनिश्चितताको अवधिमा प्रवेश गरेको केही कारणहरू छन्: पहिलो, विगत तीन दशक भन्दा बढीको भूमण्डलीकरणको विचारधारा छ, त्यो नवउदारवाद र कम्युनिष्ट हो। भूमण्डलीकरणको यो लहर सन् १९७९ मा थ्याचर क्रान्ति र १९८० मा रेगन क्रान्तिबाट सुरु भएको थियो। नवउदारवादले प्रतिस्पर्धा र निजीकरणलाई बढावा दिन्छ। अधिक दक्षताले सम्पत्तिको वृद्धि र व्यापारको विस्तारमा नेतृत्व गर्दछ। तर यो सिद्धान्तले अनिवार्य रूपमा सम्पत्तिको खाडल फराकिलो बनाउँछ। वास्तवमा, विगत ४० वर्षहरूमा सबै देशहरूमा यो अन्तर अझ गम्भीर भएको छ। कम्युनिष्ट जसरी सिद्धान्तहरु अगाडी बढाए त्यस अनुरुप उनीहरु अगाडी बढेनन कि त उनीहरु उदारवादको भाषमा फसे कि त अधिनायकवाद भए दुवै हुदा जनताले केहि पाएन । यसले मध्यम र तल्लो वर्गमा व्यापक असन्तुष्टि ल्याउने निश्चित थियो र यो असन्तुष्टिले वाम र दायाँमा लोकरिझाई राजनीतिको उदयलाई बढावा दिन बाध्य भएको छ। यो समाधान होइन यो अनिश्चय हो ।

दोस्रो, पश्चिमका आन्तरिक समस्याहरू गम्भीर छन्, र विश्वमा यसको प्रभुत्व घट्दै गएको छ। पश्चिममा पहिलो समस्या जनसंख्यामा भएको डेमोग्राफी परिवर्तन हो, गोराहरूको प्रतिशत नाटकीय रूपमा घटेको छ। एकल राष्ट्रका आधारमा बनेको देशहरु बहुल भएका छन्, आधुनिक सत्ताबाट अलग रहेका आदिवासीहरु पनि विश्वव्यापी अवाज उठाइरहेका छन्। तेस्रो, चीन, भारत, इन्डोनेसिया र भियतनाम जस्ता गैर पश्चिमी देशहरूको आर्थिक वृद्धिदर पहिलेको तुलनामा राम्रो सम्भावनाले अगाडी बढेको छ। अहिले राजनीतिक तरंग आउनुको प्रमुख कारक अर्थतन्त्र हो/। किनभने, सन् १९०० मा त्यति बेलाका आठ राष्ट्रको समूह (यूके, यूएस, फ्रान्स, जर्मनी, इटाली, रुस, जापान र अस्ट्रिया-हंगेरी) ले विश्व अर्थतन्त्रको ५० प्रतिशतभन्दा बढी हिस्सा ओगट्थे; २००० मा आठ राष्ट्र (यूके, यूएस, जर्मनी, फ्रान्स, इटाली, रुस र क्यानाडा) को हिस्सा ४७ प्रतिशतमा झऱ्यो (३ प्रतिशत घट्यो)/। २०१८ मा भने यी राष्ट्रहरूको विश्व अर्थतन्त्रको हिस्सा ३४.७५ प्रतिशतमा आयो/। अर्थात्, पुग-नपुग दुई दशकमा भारी गिरावट आयो (एसिया टाइम्स, ३ जुन २०२२), जसले पश्चिमा मुलुकहरूलाई झस्कायो/। अन्तर्राष्ट्रिय स्तरमा राजनीतिक व्यवस्थापन गर्ने तिनको क्षमतामा पनि गिरावट आयो/। पुराना शक्तिकेन्द्रहरूको निर्भरता नयाँ शक्तिकेन्द्रहरूमाथि हुन गयो/। चौथो औद्योगिक क्रान्ति चलिरहेको छ। पश्चिमको विश्वव्यापी प्रभुत्वको उत्पादक आधार अब सुनिश्चित गर्न सकिँदैन। बिद्वानहरुले भन्न थालेका छन् कि "शताब्दीमा नदेखिने ठूलो परिवर्तनहरू अब चाडै देखिनेवाला छ।" हुन त अहिले सडकमा जे देखिएको छ त्यो 'पपुलिज्म' हो । यसले समाधान दिन सक्दैन ।

समाज र मानवीय जीवनमा धेरै प्रकारका जटिलताहरू छन्। त्यसको सरल खाले समाधान खोज्ने राजनीतिले मानिसलाई सडकमा त पुऱ्याएको छ । तर, विकल्प दिन सकिरहेको छैन । पपुलिज्म समस्याको निराकरण गर्ने उत्तम अस्त्र होइन। हामीले बुझ्नु जरुरी छ, संरचनागत विभेदको टालटुले सुधार खोज्नु दक्षिणपन्थको यात्रामा लम्कनु हो। लोकप्रियताको जगमा यस्तो राजनीति झाँङ्गिन सक्छ तर यसले समाजको ज्वलन्त मुद्दालाई हिजो पनि सम्बोधन गर्न सक्दैन्थ्यो, आज पनि सक्दैन। त्यसैले नयाँ बन्ने संस्थाहरूले असमानता र विभेद नजन्माउने सुनिश्चिताको यात्रा थाल्न ढिलो भइरहेको छ । नयाँ खालको उदयमान महाशक्तिको खेल फेरि एकपटक अन्तर्राष्ट्रिय राजनीतिको विषय बनेको छ। विश्व अपेक्षाकृत लामो अनिश्चितताको अवधिमा प्रवेश गरेको छ। अगाडिको बाटो कस्तो देखिन्छ? यो अझै अस्पष्ट छ।

हुन त विद्वानहरु धेरै पहिल्यै देखि यस्तो खालको भविष्यवाणीहरु गरिरहेका थिए। हन्टिङ्टनले सभ्यतामा आधारित नयाँ प्रकारको द्वन्द्वको बारेमा चर्चा १९९६ पुस्तक 'द क्लास अफ सिभिलाइजेशन एन्ड द रिमेकिंग अफ वर्ल्ड अर्डर' मा गरे। शीतयुद्धपछिको संसारको भविष्यवाणी गर्दै उनले भनेका थिए- 'द्वन्द् अब सांस्कृतिक भिन्नताहरूमा आधारित हुनेछ।' समाजशात्री केन्डलका अनुसार, अब नयाँ सामाजिक आन्दोलन सभ्यता संस्कृतिमा केन्द्रित हुन्छ, भनेका थिए । अर्थात यसले फरक प्रकारको सिद्धान्तको मांग गर्दछ, पहिचान र संस्कृतिलाई केन्द्रमा राखेर विचारधारा र राजनीति हुनुपर्दछ। हो यहि अनिश्चयको युगमा हामि बिचारलाई अगाडी सारेर क्रान्ति अगाडी बढाएका छौ । हामीले अगाडी सारेको बिचार 'पपुलिस्ट' मा आधारित छैन, यसले एउटा निश्चय दिन्छ । हामि ग्रेट कन्भर्जन डैलोगहरु गर्नेछौ । यस बखत निश्चित छ, विश्व हामि प्रति आकर्षित हुने छ । यसले हाम्रो क्रान्तिको महत्व बढाउने छ, सबैको चासोको विषय बन्ने छ । यसो हुदा क्रान्तिको सफलतामा सहयोग हुने छ ।

२) विश्वव्यापी क्रान्तिका लहरहरू - क्रान्तिको पनि लहरहरु विश्वमा बेला बखत उठने गर्छ । कुनै एउटा देशको मात्रै आन्दोलन निरपेक्ष हुदैन। विश्वयुद्धको अन्त्यमा र पतन पछी विश्वभरी आन्दोलनहरुको तीव्र वृद्धि भएको तथा नेपालमा हामीले बिर्सन मिल्दैन। अहिले यो दशकमा फ्रान्सका चिल्ला सडक हुँदै बेरुतसम्म, हङकङदेखि न्युयोर्कसम्म तथा चिली, क्याटोलोनिया र दिल्लीका सडकसम्म मानिस आक्रोशित भए, प्रदर्शनमा उत्रिए। अधिनायकवाद र आन्तरिक उपनिवेश बिरुद्ध तथा लोकतान्त्रिक संक्रमणको नयाँ लहर शुरु भैसकेको छ । यसैले पछिल्लो बीस वर्षको लोकतान्त्रिक मन्दीलाई उल्टाउनको लागि भैरहेको विद्वानहरु भनिरहेका छन्। २०१९ देखि मात्रै हेर्ने हो भने विश्वव्यापी विरोध प्रदर्शनहरू व्यापक भएका छन्। जस्तै २०१८-२०२२ अरब विरोध, २०१९-२०२० हङकङको विरोध, २०१९ मा फ्रान्समा पहेंलो भेस्टको विद्रोह, २०१९-२०२१ मा कोलम्बियामा भएको राष्ट्रिय हडताल जसले उरिबे शासनलाई पराजित गर्यो, २०१९ मा बोलिभियामा क्रान्ति, २०१९ मा इक्वेडरको लेनिन मोरेनोको सरकारको अन्त्य गर्ने क्रान्ति, २०२० मा पेरु क्रान्ति जसले एक हप्तामा दुई सरकारहरूलाई पराजित गर्यो, २०२०-२०२१ बेलारूसी विरोध प्रदर्शन, २०१९-२०२२ चिलीको विरोध, २०१९-२०२० इरानी विरोध, २०२१-२०२२ इरानी विरोध, महसा अमिनी विरोध २०२०, २०२०-२०२१ थाई विरोध, २०२१-२०२३ म्यानमारको विरोध, जर्ज फ्लोयडको विरोध, २०२० मा, यो लहर संयुक्त राज्य अमेरिकामा नयाँ ब्ल्याक लाइभ्स म्याटर परिचालनको साथ जारी रह्यो जुन जर्ज फ्लोयडको हत्या पछि विस्फोट भयो र कालो जातिको मुक्तिको लागि संघर्षलाई विश्वका सबै महाद्वीपहरूमा विस्तार गरियो, २०२२ कजाख विरोध, २०२२ श्रीलंकाको विरोध, २०२३-२०२४ जर्जियाली विरोध, जुलाई २०२४ मा बंगलादेशमा क्रान्ति आदि ।

बंगलादेशकै जस्तो अवस्था नेपालमा हुँदैन भनेर भन्न सकिँदैन । अवस्था उस्तैउस्तै छ। नेपालमा पनि कयौं नेता तथा उनीहरू निकटका व्यक्ति भ्रष्टाचारका काण्डमा मुछिएकाछन्। शीर्ष नेताका आफन्तहरू, उनीहरूका नजिक रहने नेताहरू पनि भ्रष्टाचारमा मुछिएका छन्, कतिपय जेलमा पनि छन्। बेलैमा सम्बोधन नभए त्यो निराशा कुनै बेला विद्रोहमा परिणत हुन्छ र बंगलादेशजस्तै हालत हुन्छ। सर्वशक्तिमान शेख हसिनाको शासन सकिँदा विश्वव्यापी तरंग उत्पन्न भएको छ । छिमेकमै भएकाले नेपालमा बंगलादेशको तरंग नआइपुग्ने कुरै भएन । तसर्थ अहिले आन्दोलनको चौथो लहर विश्वव्यापी चलीरहेको छ । यसै बखत राष्ट्र मुक्ति क्रान्ति शुरु भएको छ, त्यसै पनि नेपाल प्रायजसो हरेक १०-१० वर्षमा एउटा आन्दोलन हुने गरेको छ । ०७२ मा भएको थियो, ०८२ को समय र विश्व व्यापी लहर अहिले मिलेको छ। तसर्थ नजिकै एउटा आन्दोलन अवस्यम्भावी हुदै गएको छ।

३) विश्व प्रणाली एवं विश्व संस्थाहरुमा भएको परिवर्तन- सन् १९७० को दशकमा इमानुयल वालरस्टिनले 'वर्ल्ड सिस्टम थ्यौरी' (वैश्विक प्रणाली सिद्धान्त)लाई समाजशास्त्रीय एवं ऐतिहासिक अवधारणाका रूपमा प्रस्तुत गरेका थिए, यस अवधारणाले विश्वको आर्थिक सामाजिक तथा सांस्कृतिक सम्बन्धको अध्ययन गर्दछ । विश्वलाई एकीकृत प्रणालीका रूपमा बुझ्ने प्रयास गर्छ । यो अवधारणा अनुसार विश्व तीन प्रमुख वर्गमा विभाजित छ । केन्द्र (कोर), परिधि (पेरिफेरी) र अर्ध-परिधि (सेमी-पेरिफेरी) । आर्थिक रूपमा सम्पन्न र राजनीतिक रूपमा शक्तिशाली मुलुकहरू कोर वर्गमा पर्छन् । जुन मुलुकहरूले पेरिफेरी र सेमी-पेरिफेरी वर्गका मुलुकबाट सस्तोमा कच्चा पदार्थ र श्रम शक्ति आयात गर्छन् र तयारी वस्तुहरू तिनै मुलुकमा निर्यात गरी महँगोमा बिक्री गर्छन् । वैश्विक प्रणालीभित्र रहेका पेरिफेरी, सेमी-पेरिफेरी र कोर मुलुकको विभाजनको प्रमुख आधार नै मुलुकहरूका आर्थिक, राजनीतिक, सामरिक सक्षमता वा दुर्बलता हुन् । यो प्रणालीले विश्व अर्थतन्त्रलाई एकीकृत गरे पनि गरिब र धनीबिचको खाडल भने व्यापक रूपमा बढाएको छ । वर्तमान वैश्विक प्रणालीभित्रका कोर मुलुक 'हाइपर ग्लोबलाइजेसन'को अवस्थामा पुगेका छन् भने केही पेरिफेरी र सेमी-पेरिफेरी वर्गका मुलुक भर्खर ग्लोबलाइजेसनको मूल प्रवाहमा समावेश हुदैं छन् ।


अबका १५ वर्षपछि संसारका चार ठूला अर्थतन्त्र एसियामा हुनेछन् (चीन, जापान, भारत, इन्डोनेसिया) भने अहिले नै आर्थिक रूपमा सम्पन्न सात राष्ट्रको समूह (जी-७) को जीडीपी बढी भए पनि जी-७ भन्दा बाहिरका राष्ट्रहरूसमेत आर्थिक र राजनीतिक रूपमा बलिया हुँदै छन्/। 'जी-७' भन्दा 'जी-२०' मा संलग्न राष्ट्रहरू बढी प्रभावकारी हुँदै आएका छन्, आर्थिक र राजनीतिक दुवै रूपमा/। अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) को पछिल्लो अध्ययन अनुसार ब्रिक्स (ब्राजिल, रुस, भारत, चीन, दक्षिण अफ्रिका) ले जी-७ को अर्थतन्त्रलाई उछिन्नेछ/। हिन्द-प्रशान्त क्षेत्रले मात्र संसारको अर्थतन्त्रको लगभग ४० प्रतिशत ओगट्छ भने भोलिका दिनमा आर्थिक क्रियाकलापहरू पनि बढ्दै जानेछन्/। किनकि संसारको जनसंख्याको ठूलो हिस्सा यही क्षेत्रमा बसोबास गर्छ, जसले गर्दा पछिल्ला दिनहरूमा यो क्षेत्रमा भू-राजनीतिक चहलपहल निकै बढेको छ/। विश्वव्यापी मन्दीका बेला चीन, भारत लगायत केही नवोदित औद्योगिक राष्ट्रहरू आर्थिक वृद्धिलाई निरन्तरता दिन सक्षम रहे । फलस्वरूप यी केही राष्ट्रहरू यतिबेलाको बदलिँदो परिस्थितिमा अन्तर्राष्ट्रिय अर्थ राजनीतिमा प्रभावकारी भूमिका खोज्न थालेका छन् त्यसैले अन्तर्राष्ट्रिय प्रणालीमा भएका परिवर्तनहरूले विश्व-व्यवस्थाको शक्ति समीकरणमा कस्ता फेरबदल आइरहेका छन् भनेर हामीले मसिनो गरी केलाउनु पर्ने हुन्छ । विश्वमा आसियन र ब्रिक्स जस्ता मञ्चहरू बढी प्रभावकारी बन्दै छन्/। बेइजिङले अमेरिकी विश्व व्यवस्थालाई आफूअनुकूल बनाउन बीआरआई, जीएसआई, जीसीआईदेखि जीडीआई हुँदै दर्जनौं क्षेत्रीय तथा विश्व सञ्जाललाई आफ्नो पक्षमा पार्ने कोसिस गर्दै आएको छ/। भारतले पनि 'रुपैयाँ' लाई अन्तर्राष्ट्रिय बजारमा कारोबारका लागि अगाडि सारेको छ/। अर्कातिर, 'ब्रिक्स' राष्ट्रहरू तथा प्रस्तावित ब्रिक्स बैंकले त अलग मुद्राको प्रस्ताव नै गरेका छन्/। यस परिस्थितिमा अबको घरेलु राजनीति र सोहि अनुरुपको विदेश नीति बीचको ट्युनिंग मिलाएर अगाडी बढायौं भने क्रान्ति पनि सफल हुने र त्यसपछिको राज्य संचालन पनि सफल हुने निश्चित छ ।

संयुक्त राष्ट्र संघको विश्व शान्ति तथा विकास नितिहरूमा पनि विश्व राजनितिमा आएको परिवर्तनहरू प्रष्टै रूपमा प्रतिबिम्वित हुन थालेको छ । आदिवासी अधिकार सम्बन्धि संयुक्त राष्ट्र संघको घोषणा पत्र, अन्तर्राष्ट्रिय श्रम संगठन अभिसन्धि नं. १६९, नश्लको आधारमा हुने विभेद विरूद्धको डर्बन घोषणा पत्र लगाएत यू.एन. संलग्न भई निर्माण गरेको अन्य धेरै नितिहरूले यसखाले परिवर्तनहरूलाई आत्मासाथ गर्ने प्रयासहरू भएको देखिन्छ, जस्तै अन्य विश्व संस्था, बैंकहरुको फेरिएको पोलिसी विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष, ब्रिक्स बैङ्कजस्ता अन्तर्राष्ट्रिय स्तरका वित्तीय संस्थाहरू र बहुर्राष्ट्रिय कम्पनीले विश्व अर्थतन्त्रलाई प्रभाव पारेका छन् । विश्व संस्थाहरु आफ्नो कार्य संचालन गर्दा आदिवासी अधिकारको ग्यारेन्टी गरेको हुदा उपरोक्त संस्थाहरुद्वारा नेपालमा हुने हरेक क्रियाकलाप राष्ट्रिय मुक्ति क्रान्तिले उठाएको मुद्धालाई समर्थन गर्न बाध्य हुने भएको हुदा यसले क्रान्तिको इन्धनको रुपमा कार्य गर्ने नै छ ।

४) भू-राजनीतिक अवस्था - मुलुकको भूगोल विशेषको कारणले अन्तर्राष्ट्रिय राजनीतिक सम्बन्ध, विदेश नीति, संगठनात्मक अन्तरसम्बन्धको बारेमा व्याख्या, विश्लेषण अत्यन्तै महत्वपूर्ण हुन्छ। नेपाल, चीन र भारत जस्ता एशियाका ठूला र उदीयमान शक्तिराष्ट्रको बीचमा अवस्थित छ। नेपालको भूगोल चीनसँग करीब १४०० किलोमिटर र भारतसँग करीब १८०० किलोमिटर जोडिएको छ। चीनसँगको सिमाना जटिल छ, वरपर घना वस्ती एवं शहरहरु छैन, बोर्डर खुल्ला छैन। तर भारतसँग यसको ठिक बिपरित छ, अझ साझा राजनीतक, सामाजिक, सांस्कृतिक इतिहास छ। चीनतर्फको नेपालको सिमाना उच्च हिमाली क्षेत्र रहेको, नेपाल र चीनको बीचमा भिसा प्रणाली लागू भएको हुँदा खुला आवतजावत र व्यापार तुलनात्मक रूपमा केही कठिन छ भने भारततर्फको सिमाना समतल भूभाग रहेको, खुला सिमाना र आवतजावत हुने व्यापारिक नाकाहरु धेरै रहेको, रोजगारीको लागि दुवै देशतर्फ श्रमिकहरूको आवागमन हुने गरेको, धर्म, संस्कृति र राजनीतिक प्रणालीमा समेत धेरै हदसम्म समानता

*बाँकी पृष्ठ ६ मा*

# ‘सबै तराई–मधेशकेन्द्रित दलहरुबीच एकता वा सहकार्य नै स्व.गजेन्द्र नारायण सिंहप्रति सच्चा श्रद्धाञ्जली’



**हृदयेश त्रिपाठी**
**अध्यक्ष, जनता प्रगतिशील पार्टी नेपाल**

स्व.गजेन्द्रबाबुको पुण्यतिथिको अवसरमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । गजेन्द्रबाबु आफ्नो समयको कुशल संगठनकर्ता, निर्भिक नेता र आफ्नो अडानमा दृढ व्यक्तित्व हुनुहुन्थ्यो । हामीलाई अवसर मिल्यो उहाँको कार्यकर्ता बनेर काम गर्ने । उहाँले निर्माण गरेको पार्टी उहाँको देहावसानपश्चात विभिन्न कालखण्डमा विभाजनको शिकार भयो । उहाँले जतिबेला पार्टी सुरु गर्नुभएको थियो त्यो बेलामा हामी सहयोगीको रुपमा थियौं । त्यतिबेला झापादेखि कञ्चनपुरसम्मको मधेशको भूगोल एउटा थियो । झापाका ताजपुरिया राजवंशी होस् वा कञ्चनपुरका रानाथारु, सबैमा भावनात्मकरुपमा एउटा सोच थियो कि हामी मधेशी हौं । उहाँले एउटा आवाज दिनुभयो । तर, आज चुनौतिहरु छन्, भूगोल विभक्त छन् । आठ जिल्लाको एउटा मधेश प्रदेश छ, हामी मधेश प्रदेशमा छैनौं । स्मरण गराउन चाहन्छु कि वि.सं. २०४८ सालको निर्वाचनमा अहिलेको लुम्बिनी प्रदेशले नै नेपाल सद्भावना पार्टीलाई ५ सिट दिएको थियो र गजेन्द्रबाबु एक्लै अहिलेको मधेश प्रदेशमा जित्नुभएको थियो । भनेपछि हामी भावनात्मकरुपमा एक थियौं । के यस्तो भयो कि हामी अलग-थलग भयौं ? आजको चुनौती के हो ? हाम्रो साधारण फर्मुला छ कि आज पहिला सम्पूर्ण मधेशकेन्द्रित एक ठाउँमा बस्ने नरम एलायन्सको हिसावले हामी अगाडि बढौं । साथसाथै यस देशमा जो उत्पीडित छन् आदिवासी जनजातिसँग पनि नरम एलायन्स गरौं । किनकि मधेशमा धेरै ठूलो पार्टी बनेको थियो जसपा, जसपमा मधेशका सबै अभूतपूर्व मसिहाहरु थिए । तर, त्यो टिक्न सकेन । वास्तवमा त्यो एउटा विकल्प बन्न सक्थ्यो । त्यसैले हामीले अहिले एउटा नरम एलायन्स बनाऔं, केही मुद्दामा हामी सहकार्य गरौं । कमसेकम एकअर्काप्रति जुन तिक्तता छ, त्यो कम गरौं । हामी भयका कारण एक हुन्छौं वा विवेकले । हामीमा विवेकको कमी छ तर भयको वातावरण बनिरहेको छ । अहिले जुन चुनौतिहरु छन्, त्यसलाई पार लगाउनका लागि हामीबीच एउटा लुज एलायन्स नै उपाय हो । गजेन्द्रबाबुको समयमा मधेशी एउटा इकाईको रुपमा थियो तर आज जातजातिमा विभाजित भएको छ । हामी एउटा चुनौतिको अवस्थामा छौं । आजको दिनमा गजेन्द्रबाबुप्रति सच्चा श्रद्धाञ्जली भनेको उहाँको सोचलाई सार्थक बनाउन हामी प्रतिबद्ध भएर लुज एलायन्सको रुपमा अगाडि बढौं ।



**डा.सीके राउत**
**अध्यक्ष, जनमत पार्टी**

स्व.गजेन्द्रबाबुले जुन सन्देश दिनुभएको थियो, त्यो हो एकताको सन्देश । आजको दिनमा पनि यदि हामी झापा जान्छौं वा कैलाली-कञ्चनपुर जान्छौं, त्यहाँ पनि यदि कोही एकजना पनि मधेशवादबाट ओतप्रोत भएको भेट्दा गजेन्द्रबाबुकै देन हो । कञ्चनपुर जिल्लामा जब म गएँ, त्यहाँ जसले हाम्रो भाषा र मनोभावना बुझिरहेका थिए, त्यो व्यक्ति गजेन्द्रबाबुकै विचारबाट ओतप्रोत हुन्छन् । त्यसैले उहाँको जुन सबभन्दा ठूलो श्रेय यही हो । अर्को कुरा, गजेन्द्रबाबुको बेलामा हामी सबै मधेशी भनेर मात्र चिनिन्थ्यौं । जब शासकवर्गले हेरे कि धेरै ठूलो विद्रोह हुनसक्छ, यिनी अधिकार पाउन सक्छन्, अनि शासकले हामीले विभाजन गर्न सुरु गरे । यसको दुर्दशा आज यो हो कि कोही आफूलाई थारु भन्छन्, कोही मुस्लिम भन्छन् । म महात्मा गान्धी भन्दा पनि पहिला गजेन्द्र बाबुकै बारेमा सुन्ने र बुझ्ने अवसर पाएको हुँ । मधेशका कारणले पनि हुन सक्छ, र उहाँले उठाएको संघीयता र मधेशवादका कारणले पनि मैले महात्ममा गान्धी भन्दा पहिला र गजेन्द्र बाबुकै बारेमा अध्यन्न गरे ।



**राजेन्द्र महतो**
**अध्यक्ष, राष्ट्रिय मुक्ति पार्टी नेपाल**

स्व.गजेन्द्रबाबुले जुन विचार छोडेर जानुभयो, त्यो विचार आज पनि मधेश र देशका लागि त्यति नै महत्वपूर्ण र आवश्यक छ । वि.सं. २०४६ सालको आन्दोलनपछि जब नेपाल सद्भावना पार्टी बन्यो, त्यतिबेला गजेन्द्रबाबु भन्नुहुन्थ्यो, ‘राजेन्द्रजी यो पनि एउटा आन्दोलन नै हो । सद्भावना पार्टी पनि एउटा आन्दोलन हो ।’ सद्भावना पार्टीका पूराना नेताहरुलाई स्मरण होला । मैले सोध्थे कि तपाइँ यो के भन्दै हुनुहुन्छ ? उहाँले भन्नुहुन्थ्यो, ‘यो प्रतिकूल अवस्थामा सद्भावना पार्टीको कुरा गर्नु प्रतिकूलता हो यो देशमा । सद्भावना पार्टीको जसले कुरा गर्छ, त्यो त विद्रोह भयो नि । यसले अधिकार, पहिचानको कुरा गरिरहेको छ । यसले मधेशी, जनजातिको कुरा गरिरहेको छ । यसले त राज्यसँग विद्रोह गरिरहेको छ । विद्रोह गर्नु भनेको आन्दोलन भयो कि भएन ?’ आजको जस्तो समय थिएन नि । त्यो समयमा मधेशीको ‘म’ पनि उच्चारण गर्नु कठिनाइ थियो । त्यो समय हामी गर्वका साथ हामी मधेशी हौं भनेर सिकाउनु हुन्थ्यो । त्यो समय त्यो नै क्रान्ति थियो । आजभन्दा लाखौं गुणा बढी क्रान्ति र साहसको कुरा त्यो बेला थियो । सहज वातावरणमा सबै क्रान्तिकारी भइहाल्छन् । तत्कालीन अवस्थामा गजेन्द्रबाबुले मधेशको कुरा धेरै कठिनाईका साथ प्रवेश गराउनुभएको थियो । त्यसको भुक्तभोगी हौं हामी । अहिले हामीले नयाँशिराबाट कुरा गरिरहेका छौं । यो नयाँशिराबाट हामीले मात्र गरिरहेका छैनौं, गजेन्द्रबाबुले नै नयाँ शिराबाट कुरा उठाएर जानुभएको हो । जब देशमा लोकतन्त्र आयो त्यतिबेला गजेन्द्रबाबुले भन्नुभयो, ‘यस देशमा उत्पीडनमा परेका सबै मिल्नुपर्छ, सबै मिलेर लड्नुपर्छ अनि जागरुकता आउँछ ।’ खासगरेर उहाँले मधेशी र आदिवासी जनजातिको कुरा गर्नुभएको थियो । पहाडको आदिवासी जनजाति र मधेशी मिल्नुपर्छ, अन्यथा अर्को कुनै उपाय छैन । गजेन्द्रबाबुले लिखितरुपमा घोषणापत्रमा यो कुरा लिपिबद्ध गर्नुभएको थियो । त्यसलाई उहाँले घोषणापत्रमा मात्रै सीमित राख्नुभएन, व्यवहारिकरुपमा लागू गर्ने प्रयास गर्नुभयो । तत्कालीन अवस्थामा मधेशको एउटा मात्रै पार्टी सद्भावना र पहाडमा जनजातिको गोरेबहादुर खपाङ्गी लगायत एउटा पार्टी । उहाँले सहकार्य गर्नुभयो । तर, त्यो सहकार्यलाई टिक्न दिइएन । त्यसैले एकताबद्ध भएर काम गर्ने गजेन्द्रबाबुको जुन सपना थियो त्यो पूरा हुन सकेन । समय त परिवर्तनशील हो । आजको दिनमा उहाँको पुण्यतिथिको अवसरमा त्यो विचारलाई स्मरण गरौं । त्यो विचारमा आधारित देशको शासन चल्नुका कारण सबै पहिचानवादी, राष्ट्रियतालाई यो देश र संविधानप्रति अपनत्व महसुस भइरहेको छैन । यदि गजेन्द्रबाबुको विचारलाई मानेको भए यो देशको शासन र संविधान सबैका लागि बन्थ्यो । आज उहाँकै मार्गदर्शन र विचारमा हिंड्ने आवश्यकता रहेको छ । आज गजेन्द्रबाबुको त्यहीं विचार अधिकार र पहिचानका लागि संघर्ष गर्न आवश्यक छ । यो देशमा अधिकार र पहिचानको लडाइ एक्लै सफल हुनै सक्दैन भन्ने कुरा प्रमाणित भइसक्यो ।



**नवलकिशोर साह**
**जसपाका नेता एवं महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री**

माघ १० गते निश्चितरुपमा एउटा कर्मठवीरको गाथा गाउने दिन हो । म उहाँको कान्छो भाइ जस्तो हुँ । म उहाँसँग वि.सं. २०१८ सालदेखि नै सँगै थिएँ । उहाँले मलाई जहिले पनि भन्नुहुन्थ्यो कि जबसम्म देशमा संघीयता आउँदैन तबसम्म मधेशको विकास हुँदैन । संघीयता ल्याउनका लागि यति जागरुकता फैलाउँछौं तर मधेशका जनताले बुझिरहेकै छैनन् । २४सौं घण्टा उहाँको मनमष्तिस्कमा चलिरहन्थ्यो कि संघीयताबिना मधेशको कल्याण हुँदैन । नेपालमा संघीयता त आयो तर मधेशलाई खण्ड-खण्डमा विभक्त गरिदियो । हामीले यस्तो संघीयताको परिकल्पना गरेका थिएनौं । यसमा हाम्रा नेताहरुको केही गल्ती थियो । विगतका कमीकमजोरीलाई मनन् गरौं । जतिबेला राजेन्द्र महतो, हृदयेश त्रिपाठीले गजेन्द्रबाबुलाई छोडेर जानुभएको थियो, त्यतिबेला उहाँले उहाँहरुको घरमा गएर आउनुस्, मिलौं, साथ दिनुस् भनेर आग्रह गर्दा पुनः पार्टी एक भएको थियो । उहाँमा अहंकार थिएन । आज फेरि सोही प्रकारका नेताको आवश्यकता छ, जसले आफ्नो अहम्लाई छोडेर मधेशको एकताका लागि अगाडि आओस् ।



**उपेन्द्र यादव**
**अध्यक्ष, जनता समाजवादी पार्टी नेपाल**

गजेन्द्रनारायण सिंहसँग २०४२ सालदेखि विभिन्न कालखण्डमा भेटघाट भइरहन्थ्यो । हाम्रो विचारधारा फरक थियो तर धेरै समानताहरु थियो । उहाँलाई जहिले पनि भेट्दा मैले हेर्ने गरेको थिएँ कि उहाँमा एउटा क्रान्तिकारी भावना थियो तर उहाँसँग क्रान्तिकारी टिम थिएन । मैले उहाँबाट जुन अनुभव गरें, क्रान्तिकारी भावना थियो तर उहाँको टिम अति नै अवसरवादी थियो । त्यसैले उहाँले जसरी अगाडि बढ्न चाहनुहुन्थ्यो, त्यसमा धेरै कठिनाइको सामना गर्नुपर्दथ्यो । काठमाडौंमा उहाँ कैयौंपटक कार्यक्रम आयोजना गर्नुहुन्थ्यो, म कार्यपत्र लेख्ने गरेको थिएँ र प्रस्तुत पनि गर्ने गरेको थिएँ । त्यसैले हामीबीच धेरै मित्रता पनि रह्यो र भावना पनि मिल्दथ्यो । त्यसैले मैले गजेन्द्रबाबुलाई क्रान्तिकारी नेताको रुपमा हेरेको थिएँ । लोकतान्त्रिक योद्धादेखि विभेदका विरुद्ध लड्ने नेताको रुपमा हुनुहुन्थ्यो । आज उहाँलाई हामी स्मरण गरिरहेका छौं, श्रद्धासुमन अर्पण गर्न चाहन्छु । पृथ्वीनारायण शाहदेखि अहिलेसम्म धेरै परिवर्तन भएका छन् । हाम्रो इच्छाअनुकूल परिवर्तन भएन त्यो फरक कुरा हो । तर, मूलतः तीन कुरामा परिवर्तन भएको छैन । पहिलो कुरा, यी खसआर्यको राजनीतिक सत्ता र शक्तिमा प्रभुत्व र अधिपत्य आजसम्म यथावत नै छ । यसमा कुनै परिवर्तन आएको छैन । गोर्खाराज्य विस्तारदेखि अहिलेसम्म परिवर्तन भएकै छैन, त्यो हो खसआर्यको प्रभुत्व र पकड । दोस्रो कुरा, खस भाषामा पनि कुनै परिवर्तन भएन । राज्यका सारा शक्ति, स्रोत र साधन खस भाषालाई नै विकास गर्न लागिरह्यो । तेस्रो कुरा जुन परिवर्तन भएन, त्यो बेला पृथ्वीनारायण शाहको सोच ब्राह्मणवादी वर्णाश्रम धर्म जसको पकड उनले राखे त्यसमा आजसम्म कुनै परिवर्तन आएन ।



**वृषेशचन्द्र लाल**
**अध्यक्ष, तराई-मधेश लोकतान्त्रिक पार्टी**

गजेन्द्रनारायण सिंह हाम्रो लागि धेरै नै आदरणीय हुनुहुन्छ । जसले इतिहासलाई परिवर्तन गर्नुभयो, मधेशको जागरुकतालाई एउटा स्तरमा पुऱ्याउनुभयो, म उहाँलाई हार्दिक नमन गर्दछु । उहाँसँग मेरो खासै संगत थिएन । म त्यतिबेला नेपाली कांग्रेसको एउटा प्रजातान्त्रिक युवा योद्धा थिएँ । उहाँसँग कहिलेकाहीं भेट हुन्थ्यो र बसह हुन्थ्यो । वि.सं. २०४० साल साउन २३ गते डा.हर्क गुरुङको प्रतिवेदन आयो । राजा वीरेन्द्रले एउटा कमिटी बनायो कि आन्तरिक र अन्तर्राष्ट्रिय बसाईसराईको अध्ययन गरोस् र डा.हर्क गुरुङ त्यो कमिटीका थिए । त्यो आन्तरिक वा बाह्य बसाईसराई नभएर मधेशी र भारतसँगको सम्बन्धका विरुद्ध थियो । त्यो बसाईसराईको अध्ययन प्रतिवेदनको माध्यमबाट डा.हर्क गुरुङले ल्याएका थिए । हामी बुझ्थ्यौं कि लोकतन्त्र आएपछि सबै ठिक भइहाल्छ । लोकतन्त्रमा समानता हुन्छ, हामी सबै बराबर हुन्छौं, निर्वाचित सरकार हुन्छ । गजेन्द्रबाबुले मलाई एक दिन बताउनुभयो कि यसले मात्रै हुँदैन, जबसम्म हाम्रो सहभागिता बढ्दैन । यो प्रतिवेदन बढ्नुस् । अनि जब मैले त्यो प्रतिवेदन पढें र उहाँको कुरा सुनें त्यसपछि मभित्र एउटा नयाँ अनुकुरण र आफ्नो मान्छेका लागि लड्ने जागरुकता आयो । त्यसका पनि आज म उहाँप्रति कृतज्ञ छु र नमन गर्न चाहन्छु । विगतमा हामी मधेशकेन्द्रित दलहरुले जे गऱ्यौं त्यसको आत्मालोचना नगरौं, कमसेकम आत्ममन्थन त गरौं । हामी जसरी छिन्नभिन्न अवस्थामा छौं, त्यसको परिणाम हामी भोगिरहेका छौं । डा.हर्क गुरुङको जुन प्रतिवेदन थियो, त्यसकै आडमा आज शासकवर्गले हामीलाई विभाजन गर्न चाहिरहेका छन् । अहिले संविधान संशोधनको कुरा गरिरहेका छन् । संविधान त यी कांग्रेस, एमाले र माओवादीले नै बनाएका थिए, तिनीहरुलाई किन संशोधन चाहियो ? अहिलेको संशोधनको भनेको मधेशी, आदिवासी जनजातिले पाएको अधिकार कटौतिका लागि नै हो ।

# कवाड व्यवसायीद्वारा गृहमन्त्री लेखकसँग शान्ति सुरक्षाको माग



काठमाडौं । कवाड व्यवसायी समाज नेपालले शान्ति, सुरक्षाको माग गर्दै गृहमन्त्री रमेश लेखकलाई ज्ञापनपत्र बुझाएका छन् । शान्तिपुर्ण रुपमा आफ्नो पेशाव्यवसाय गर्न पाउनुपर्ने माग गृहमन्त्री लेखकसंग उनीहरुले गरेका हुन् ।

गृहमन्त्री लेखकलाई ज्ञापनपत्र बुझाउदै उनीहरुले कानून विपरित काठमाडौं महानगरपालिकाले गरिरहेको तोफोड, धरपकड तथा मनोमानी काम अन्त्य गर्नुपर्ने जोडदार माग गरेका छन् ।

कवाड व्यवसायी समाजका अध्यक्ष रामकेवल गुप्ताको नेतृत्वमा कवाड व्यवसायीले ज्ञापनपत्र बुझाउदै आफूहरुलाई पेशाव्यवसायबाट धपाउन खोजिएको बताउदै सरकारको तर्फबाट शान्ति, सुरक्षाको व्यवस्था गर्नुपर्ने माग गरेका छन् । गृहमन्त्री लेखकले आफूले शान्ति, सुरक्षाको व्यवस्था गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

'काठमाडौं महानगरले वातावरण फोहर गरेको, आगलागी घटना बढाएको, चोरीको घटना बढाएको जस्ता झुटा आरोप लगाएर महानगरपालिकाले कवाडमा व्यापक तोडफोड गरिएको स्थिति छ । कवाड व्यवसायीका समान जफत गरेको अवस्था छ । व्यवसायीलाई गालीगलौज कुटपिट र अभद्र व्यवहार गरेको छ' कवाड व्यवसाय समाजले गृहमन्त्री लेखकलाई बुझाएको ज्ञापनपत्रमा उल्लेख गरिएको छ ।

काठमाडौं महानगरपालिकाले कानून विपरित आफूहरुलाई दुख दिने, तोडफोड गर्ने र व्यवसायबाट धपाउँन खोजेको अध्यक्ष गुप्ताले जनाएका छन् । यस अघि समितिले काठमाडौंका प्रमुख जिल्ला अधिकारीलाई समेत एक ज्ञापनपत्र बुझाउदै शान्ति, सुरक्षाको माग गरेको थियो ।

काठमाडौं महानगरपालिकाले पछिल्लो समयमा कानून विपरित कवाड व्यवसायीलाई दुख दिने र अराजक गतिविधि गर्दै डोजरले घर पनि भत्काउने गरेकाले उनीहरुले शान्ति सुरक्षाको माग गर्दै ज्ञापनपत्र बुझाएका हुन् ।

कानून विपरित काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले कवाड व्यवसायीलाई निरन्तर दुख दिएपछि सुरुमा आम जनता पार्टी (आजपा)ले कवाड व्यवसायीलाई साथ दिएको थियो । आजपा काठमाडौंमा महानगरको बिरुद्धमा पटक पटक आन्दोलन समेत गर्दै आएको छ । आजपा अध्यक्ष प्रभु साहले कवाड व्यवसायीकोमा महानगरको डोजर चल्यो भने अब काठमाडौं महानगरमा 'प्रभु साहको डोजर चल्ने' चेतावनी दिएका थिए । त्यस यता महानगर र मेयर बालेनको गलत कार्यशैलीका बिरुद्ध कवाड व्यवसायीको आन्दोलनमा आजपाले निरन्तर साथ र सहयोग गर्दै आएको छ ।

अन्य दलहरुको समेत समर्थन कवाड व्यवसायीले जुटाउदै छन् । सोही क्रममा गत मंगलबार कवाड व्यवसायीले जनता समाजवादी पार्टी नेपाल (जसपा)का अध्यक्ष उपेन्द्र यादवलाई ज्ञापनपत्र बुझाउदै शान्ति, सुरक्षाका लागि पहल गरिदिन आग्रह गरेका थिए ।

जसपाले कवाड व्यवसायीमाथि भइरहेको गतिविधिप्रति आफ्नो ध्यानाकर्षण भएको जनाएको छ । जसपाले बुधबार विज्ञप्ति जारी गर्दै कवाड व्यवसायीलाई काठमाडौं महानगरपालिकाले भौतिक संरचनाको तोडफोड र व्यवसायीलाई धरपकड गर्नु निन्दनीय कार्य रहेको भन्दै यस्ता कार्य बन्द गरी व्यवसायिक सुरक्षाको वातावरण बनाउन सरकारसंग माग गरेको छ । 'महानगरले कवाड व्यवसायीलाई गालीगलौज र अभद्र व्यवहार गरी कवाड व्यवसायलाई रोक्न खोज्नु अत्यन्त गलत र नियन्दनीय कार्य भएकोले यस्ता कार्यलाई यथाशीघ्र बन्द गरी कवाड व्यवसायीहरुको सुरक्षाका साथै स्वतन्त्र रुपले आ-आफ्नो व्यवसाय सञ्चालन गर्न पाउने भौतिक अधिकारको प्रत्याभूति गराउन जसपा सरकारसँग माग गर्दछ', जसपा प्रवक्ता मनिषकुमार सुमनद्धारा जारी बिज्ञप्तीमा उल्लेख गरिएको छ ।

देशभर सञ्चालिन उद्योगलाई आवश्यक कच्चापदार्थ उपलब्ध गराउनाका साथै वातावरणीय सरसफाइमा समेत महत्वपूर्ण योगदान गरिरहेको अवस्थामा हाल कवाड व्यवसायमा निम्न आयस्तर भएका व्यक्तिहरु आबद्ध रहेको र खासगरी अधिकांश मधेशी समुदायको उपस्थिति रहेको यस क्षेत्रका व्यवसायी वर्षौंदेखि कानुनसम्मत तवरले काठमाडौं उपत्यकामा व्यवसाय तथा सेवा गर्दै आएको र लाखौंलाखलाई रोजगार प्रदान गरेको विज्ञप्तिमा उल्लेख छ ।

## 'गैरआवासीय नेपाली नागरिकता कार्यान्वयनको विषय सम्बोधन हुन्छ'

काठमाडौं । कानून, न्याय तथा संसदीय मामिला मन्त्री अजय कुमार चौरासियाले संसदको आगामी (हिउँदे ) अधिवेशनबाटै गैरआवासीय नेपाली नागरिकताको कार्यान्वयनमा रहेका जटिलता सम्बोधन हुने बताएका छन् ।

गैरआवासीय नेपाली संघका अध्यक्ष डा बद्री केसीको नेतृत्वको प्रतिनिधिमण्डलसँगको भेटका क्रममा मन्त्री चौरसियाले संविधानले नै निर्देश गरे अनुसारको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसहितको गैरआवासीय नेपाली नागरिकताको कार्यान्वयनमा हाल देखा परेका जटिलता सम्बोधन गर्ने गरी संसदमा लैजाने गृहकार्य भइरहेको बताएका हुन् । उनले भने, 'गैरआवासीय नेपाली नागरिकताको कार्यान्वयन जतिसक्दो छिटो होस् भनेरै हामी गृहकार्यमा छौं, यस सम्बन्धमा के कसरी अघि बढ्ने भनेरै गृहमन्त्रालयसहित अन्य सरोकारवाला मन्त्रालयसँग हामीले छलफल गरिरहेका छौं ।'

यसअघि संघका अध्यक्ष डा बद्री केसीले संविधानको धारा १४ मा प्रष्ट व्यवस्था भएको समाजिक, सांस्कृतिक र आर्थिक अधिकार सहितको गैरआवासीय नेपाली नागरिकता प्रदान गर्ने भन्ने भावना अनुसार नगारिकता प्रदान गरिसकिएको भएपनि त्यसको कार्यान्वयन नभएकोले राजनीतिक अधिकार बाहेक सम्पूर्ण अधिकार नेपाली नागरिक सरह नै प्रयोग गर्न पाउने गरी कानुनी प्रक्रिया अघि बढाईदिनहुनको लागि अनुरोध गरेका थिए ।

अध्यक्ष डा केसीले गैरआवासीय नेपाली परिचपत्र लिएका नेपालीहरुलाई गैरआवासीय नेपाली नागरिक सरह पाउने अधिकारको व्यवस्थाको लागि पहल गरिदिन पनि अनुरोध गरे । उक्त अवसरमा  अध्यक्ष डा केसीले पुस्तौंदेखि विदेशी नागरिक भएर विभिन्न मुलुकमा बसेका नेपाली मूलका व्यक्ति र परिवारलाई नेपाली भएको पहिचान खुल्ने परिचयपत्र सम्बन्धमा पनि ध्यानाकर्षण गराएका थिए ।

जवाफमा मन्त्री चौरसियाले भने, 'पुस्तौंदेखि सार्कबाहेकका मुलुकमा बस्दै आएका नेपाली, जसले ती मुलुकमा नेपाल, नेपाली भाषा, र संस्कृतिको जगेर्ना गर्दै आएका छन्, उनीहरूले राख्दै आएको मागबारे सकारात्मक छलफल भइरहेको छ । उहाँहरूले नेपाली मूलको हुँ भन्ने परिचय माग्दै आउनुभएको छ, त्यस्तो परिचयपत्र दिन आवश्यक पर्ने कानुनी प्रावधानबारे हामी छलफलमा छौं । र झण्डै एक दर्जन विधेयक संसदमा लैजाने तयारी भइरहेको छ ।'

सो अवसरमा संघका तर्फबाट गैरआवासीय नेपाली नागरिकता बहाल व्यक्तिलाई भिसा लिनु नपर्ने र भिसाको म्याद अवधि सकिएकाले पनि थप गरिरहनु नपर्ने विषयका लागि मन्त्रालयमार्फत अध्यागमन विभागद्वारा कार्यान्वयनको लागि पहल गरिदिन, गैरआवासीय नेपाली नागरिकलाई सवारी साधन खरिद र सवारी चालक अनुमतिपत्र प्राप्त गर्नका लागि आवश्यक कानून निर्माणका लागी पहल गरिदिन, नेपाली नागरिक सरह गैरआवासीय नेपाली नागरिकले समेत नेपालमा कम्पनी दर्ता, सञ्चालन, व्यवस्थापन र खारेज गर्न पाउने व्यहोरा सहित कम्पनी रजिष्ट्रारको कार्यालयलाई परिपत्र गरिदिन, नेपाल सरकारद्वारा जारी गरिएको नेपाली परिचयपत्र लिएका गैरआवासीय नेपालीहरुलाई स्वदेश भित्र हवाई यात्रा गर्दा विदेशी नागरिक सरह व्यवहार गर्ने भएको हुनाले उनीहरुलाई नेपाली नागरिक सरहको हवाई यात्राको सुविधाका लागि कानुनी रुपमा सहजीकरण गरिदिन समेत अनुरोध गरिएको छ ।

जवाफमा मन्त्री चौरसियाले यी सबै विषयबस्तु समेट्ने गरी  झण्डै एक दर्जन विधेयक संसदमा लैजाने तयारी भइरहेको बताए ।

सो अवसरमा मन्त्रालयका तर्फबाट सचिव उदयराज सापकोटा, सहसचिव अरुणा जोशी समेत सहभागी थिए । यस्तै संघका सहकोषाध्यक्ष कृष्ण तिमिल्सेना प्रमुख कार्यकारी अधिकृत राजेन्द्र कुमार राउत र सूचना तथा वैदेशिक रोजगार अधिकृत इन्द्रलक्ष्मी घिमिरेको उपस्थिति रहेको थियो ।


## सूचना ! सूचना !! सूचना !!!

### 'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

जलेश्वर नगरपालिका
महोत्तरी, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

### 'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



बलान बिहुल गाउँपालिका
सप्तरी, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

### 'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



देवानगन्ज गाउँपालिका
सप्तरी, मधेश प्रदेश

# उपराष्ट्रपति यादवसँग भारतीय राजदूत श्रीवास्तवको शिष्टाचार भेटवार्ता



काठमाडौं । उपराष्ट्रपति रामसहाय प्रसाद यादवसँग नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले शिष्टाचार भेटवार्ता गरेका छन् । लैनचौरस्थित उपराष्ट्रपतिको कार्यालयमा शुक्रबार भएको भेटमा शुभकामना आदानप्रदान प्रश्चात दुई मुलुकबीचको द्विपक्षीय सम्बन्ध, उच्चस्तरीय भ्रमण, आर्थिक सहयोग, नेपालको विकास प्राथमिकताहरु, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मञ्चहरुमा सहयोग र सहकार्य लगायतका विषयमा छलफल भएको उपराष्ट्रपतिको सचिवालयले जनाएको छ ।

उपराष्ट्रपति यादवले नेपाल र भारतबीच सौहार्द्रता, मित्रता, सदभावना, आपसी समझदारी र सहयोगले गाँसिएको गहिरो एवं वृहत सम्बन्ध रही आएको बताए ।

'दुई देशबीचका सम्बन्धहरू सार्वभौमिक समानता, असल छिमेकीपन, आपसी सम्मान र पारस्परिक विश्वासका सिद्धान्तमा आधारित छन्' उनले भने, 'नेपाल र भारतबीच सामाजिक, सांस्कृतिक, धार्मिक, आध्यात्मिक, आर्थिक सम्बन्ध एवं जनस्तरको घनिष्ठ सम्बन्धको शताब्दीयौं पुरानो परम्परा छ ।'

उपराष्ट्रपति यादवले हालैका वर्षहरुमा नेपाल-भारत सहयोग र विकास साझेदारीले विशेषगरी सीमापार पूर्वाधार विकास र ऊर्जा क्षेत्रमा राम्रो गति लिएकोमा खुशी व्यक्त गरे ।

'छिमेकीलाई प्राथमिकता दिने भारतको 'नेबरहुड फर्स्ट' नीतिको नेपालले प्रशंसा गर्दछ, यसबाट भारतले आफ्ना छिमेकी राष्ट्रहरुलाई दिएको प्राथमिकता र महत्त्व प्रतिविम्बित हुन्छ' उनले भने, 'निकट छिमेकीका नाताले भारतसँग नजिकको सहकार्य गर्न पाउँदा खुशी छौं ।'

उनले उच्चस्तरीय भ्रमणको आदान-प्रदानले हाम्रा दुई मुलुकबीचको हार्दिक द्विपक्षीय सम्बन्धलाई थप मजबुत तुल्याउन महत्वपूर्ण भूमिका निर्वाह गरेको समेत बताए । उनले भने, 'सन् २०२४ मा भारतको विदेश मन्त्री र विदेश सचिवले गर्नुभएको नेपाल भ्रमण तथा गत साता भएको वाणिज्य सचिवस्तरीय द्विपक्षीय बैठक तथा यस प्रकारका अन्य द्विपक्षीय संयन्त्रहरुको बैठकले दुई देशबीच आपसी विश्वास र सहयोगको वातावरण बनेकोमा हर्षित छु ।'

उपराष्ट्रपति यादवले भारत नेपालको एक महत्वपूर्ण विकास साझेदार रही आएको उल्लेख गर्दै हामीले भारतबाट आर्थिक, प्राविधिक लगायत विभिन्न क्षेत्रमा उल्लेखनीय सहयोग प्राप्त गर्दै आएको बताए ।

'हवाई, सडक र रेलमार्ग, पेट्रोलियम पदार्थको पाइपलाइन, जलविद्युत तथा प्रसारण लाइनको विकास, एकीकृत जाँच चौकी (आईसीपी) र मानव संसाधन विकासका क्षेत्रमा नेपाल-भारत सहकार्य महत्वपूर्ण छ' उनले भने, 'निकट छिमेकीका रुपमा हाम्रा दुई देशको विगत, वर्तमान र भविष्य जोडिएको छ, हाम्रा जनताको प्रगति र समृद्धिका लागि हाम्रो मित्रता तथा सहकार्य थप मजबुत हुनुपर्दछ ।'

उनले नेपालको विकास प्राथमिकताहरुमा हरित, दिगो र समावेशी आर्थिक विकास हासिल गर्नुका साथै कृषिको आधुनिकीकरण, पूर्वाधार विकास, जलविद्युत, व्यापार, लगानी, पर्यटन र मानव संशाधन विकास रहेको बताए ।

'सन् २०२६ सम्ममा नेपाल अति कम विकसित मुलुकबाट स्तरोन्नति हुँदैछ, यस संक्रमणकालमा हामीले आफ्नो क्षमता विकास गर्नुपर्नेछ ' उपराष्ट्रपति यादवले भने, 'यसका निमित्त जनताको दक्षता बढाउने, विभिन्न बस्तुको उत्पादन गर्ने तथा पूर्वाधार निर्माण गर्ने जस्ता विषय पनि हाम्रा प्राथमिकतामा छन् ।'

उनले प्राकृतिक, सांस्कृतिक र धार्मिक सम्पदाले नेपाल र भारतलाई शताब्दीयौंदेखि जोडेको उल्लेख गर्दै हामीले दुई मुलुकका जनताको बृहत्तर लाभको लागि स्रोतहरूको संरक्षण र परिचालन गर्न आवश्यक रहेको बताए । उनले भेटमा हाम्रा दुई मुलुक सार्क, विम्सटेक, बीबीआईएन जस्ता क्षेत्रीय तथा संयुक्त राष्ट्रसंघ जस्ता बहुपक्षीयमञ्चहरूमा पनि निकट रुपमा सहयोग र सहकार्य गर्दै आएको पनि उल्लेख गरे ।

उपराष्ट्रपति यादवले भारतको ७६ औं गणतन्त्र दिवस (२६ जनवरी) को अवसरमा राजदूतमार्फत् भारतीय जनतालाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गरे ।

भारतीय राजदूत नवीन श्रीवास्तवले भारतले 'नेबरहुड फर्स्ट' नीतिलाई निरन्तर अघि बढाएको उल्लेख गर्दै गहुँ निर्यातमा प्रतिबन्धका बाबजूद नेपालाई दुई लाख टन गहूँ निर्यातका लागि अनुमति दिएको बताए । उनले भैरहवामा भारतले यसै वर्ष सम्पन्न हुने गरी एकिकृत सुरक्षा जाँच चौकी निर्माण गरिरहेको जनाउँदै नेपाललाई भारतले एक हजार चौसठी मेगावाट विजुली आपूर्ति गरिरहेको र बाढीका बेला १० वटा बेलीब्रिज पनि हस्तान्तरण गरेको बताए ।


## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**चन्द्रनगर गाउँपालिका**
सर्लाही, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य बिमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**महोत्तरी गाउँपालिका**
महोत्तरी, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

**मुखियापट्टि मुसहरनिया गाउँपालिका**
धनुषा, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**पिपरा गाउँपालिका**
महोत्तरी, मधेश प्रदेश





# राष्ट्रिय...

रहेको भूगोलको सामीप्यता दुवै देश अस्तित्वमा रहदा नरहदा देखि नै रहिआएको छ। तस्वीर आफैं बोल्दछ भने झैं नेपाल भू-राजनीतिक जटिलतामा रहेको सत्य तथ्यहरुले प्रमाणित गर्दछ। त्यसकारण नेपालको यो महत्वपूर्ण भूगोललाई कसरी अवसरमा परिणत गरी बढीभन्दा बढी लाभ हासिल गर्न सकिन्छ भन्ने विषयमा राष्ट्रिय विमर्श भई राष्ट्रिय सहमति बन्न आवश्यक छ।

विगतको नाटो र साटोको परिवर्तित स्वरुपमा बीआरआई र आईपीएस आउनु चीनको राजनीतिक प्रणाली र भारत र अमेरिकाको राजनीतिक प्रणाली फरक हुनु, विगतमा रुस र चीन दुवै साटो ध्रुवमा रहनु तर हाल भारत आईपीएसमा सहभागी हुनु, व्यापार, पारवहन, सुरक्षा र सामरिक शक्तिमा एकअर्काका प्रतिस्पर्धी रहनुले हामि गम्भीरता पुर्वक कुन धुर्वको नजिक बस्ने वा कुन धुर्वमा बस्ने गम्भीरता पुर्वक निर्णय लिनु पर्दछ।आईपीएसमा भारत सहभागी हुनु चीन नहुनु, बीआरआईमा नेपाल सहभागी हुनु, भारत नहुनु जस्ता बिषयले भू-राजनीतिको जटिलता अझै थप्ने गरेको छ ।आजको बहु धुर्बिया विश्वव्यापीकरणको युगमा तटस्थता सम्भव देखिंदैन र तटस्थता प्राकृत हुदा नि हुदैन। तटस्थता अर्थात निरपेक्षता असम्भव कुरा हो तसर्थ अब सलग्नता छाती ठोकेर निर्णय गरेर मात्रै समृद्धि र साभौंमिकता दुवै जोगाउन सक्छौ। यसो गर्न सके नेपालको भू-राजनीतिक जटिलता वरदान सावित हुन सक्दछ। पछिल्ला दिनमा नेपाली राज्य र राष्ट्र (जनता) दुवैको अन्तरक्रिया विभिन्न देशसँग बढ्दै गएको छ/ । नेपाली राज्यको भन्दा नेपाली राष्ट्रको अन्तरक्रिया विभिन्न कारणले बढ्दै गएको छ/ । नेपाली राज्यले असंलग्न नीति अंगीकार गरे पनि नेपाली राष्ट्र (जनता) ले त्योभन्दा फरक नीति लिएको पाइन्छ/ । यसरी जनताले असंलग्न नीति परित्याग गरी संलग्नता तर्फ बढेको नीतिलाई राष्ट्र मुक्ति क्रान्ति समर्थन गर्दछ र यसो गर्नु नै क्रान्ति सफलता तर्फ अग्रसर हुनु हो। वैज्ञानिक समुदायले सामान्यतया औद्योगिक क्रान्तिहरू तीन पटक भएको विश्वास गर्छन। पहिलो, स्टीम इन्जिनको साथ; दोस्रो, विद्युतीकरण संग; र तेस्रो, कम्प्युटर संग। हामी अब कम्प्युटर क्रान्तिको नेटवर्क चरणमा छौं: कम्प्युटरको उदय पहिलो चरण थियो, लघुकरण दोस्रो चरण थियो, र नेटवर्कहरू तेस्रो चरण हुन्। पहिलो तीन औद्योगिक क्रान्तिहरू सबै ग्रेट ब्रिटेन वा संयुक्त राज्य अमेरिकाको योगदान थिए। बेलायतीहरूले पहिलो औद्योगिक क्रान्तिको सुरुवात गर्दै स्टीम इन्जिन डिजाइन गरे। अमेरिकीहरू विद्युतीकरण र कम्प्युटरको आविष्कारको लागि जिम्मेवार थिए। किनभने तिनीहरूले तीनवटै औद्योगिक क्रान्तिहरू ल्याए तिनीहरू अन्तर्राष्ट्रिय राजनीति र विश्व अर्थतन्त्रमा प्रमुख शक्तिहरू थिए, भाषाहरू, वित्त र विभिन्न उद्योगहरूको लागि मापदण्डहरू सेट गर्थे। चौथो औद्योगिक क्रान्ति पाँच क्षेत्रमा भइरहेको छ। पहिलो नयाँ सामग्री हो। आज सबै इलेक्ट्रोनिक सामानहरूले सिलिकन चिपहरू प्रयोग गर्छन्। दोस्रो जेनेटिक इन्जिनियरिङ हो, तेस्रो आर्टिफिसियल इन्टेलिजेन्स हो। चौथो क्वान्टम इन्जिनियरिङ हो। पाँचौं नयाँ ऊर्जा हो। यी पाँच क्षेत्रहरूमा, अमेरिकासँग प्रविधिको राम्रो संचय छ तर संगै चीन, जापान, दक्षिण कोरिया, रुस र भारत पनि छ। चौथो औद्योगिक क्रान्तिको प्रतियोगिता चीन, भारत र अमेरिकाबीच हुनेछ। विगत ५०० वर्षको औद्योगिक क्रान्तिमा पशिचमा मात्र सहभागी थिए। यो औद्योगिक क्रान्तिमा पूर्व र पशिचम दुवै सहभागी छन्। विश्वको यो अवस्थाले अहिले सम्म नभएका परिवर्तनहरु देखिने वाला छ। भू-राजनीतिका सन्दर्भमा साना, ठूला, विकसित, अविकसितजस्ता राष्ट्रहरू भए पनि तिनले खासै अर्थ राख्दैन अर्थात् ती गौण हुन जान्छन्/ । महत्त्वपूर्ण पक्ष भनेको शक्ति आर्जन, शक्तिको सञ्चय र उपभोग हो/ । यस्तो अवस्थामा नेपालजस्ता राष्ट्रहरू अहिलेको ‘भू-राजनीतिक’ उथलपुथलबाट अछुतो हुनै सक्दैनन्/ । भू-राजनीतिक जटिलता र त्यसको समय सापेक्षित महत्त्व बुझ्न इतिहास, संस्कृति, अर्थतन्त्र, राष्ट्र-राष्ट्रबीचको सम्बन्धबारे ज्ञान हुनैपर्छ । समग्रतालाई पर्गेलेर मात्र हामी शीतयुद्धकालीन मानसिकताबाट बाहिर निस्कन सक्छौं र हाम्रो भू-राजनीतिक स्वार्थ, दिर्घकालीन भविष्य तथा आगामी नीतिको खाका कोर्न सक्छौं ।

५) बहु धुर्बिय विश्वमा अन्तर्राष्ट्रिय सम्बन्ध एवं प्रभावहरू- सोभियत रुस र वार्सा प्याक्टको विघटनसँगै विश्वमा शीतयुद्धको अन्त भयो भनियो । व्यवहारमा भने दुई ध्रुवीय विश्वको स्थानमा एक ध्रुवीय विश्व बन्न पुग्यो, तर हाल विश्व हरेक हिसाबले बहुध्रुवीय बन्दै गएको छ र बहुध्रुवीय टकराब पनि सुरु भएको छ । २१ औं शताब्दीको सुरुआतसँगै विश्व-राजनीतिमा नयाा शक्तिकेन्द्रहरूको निर्माण भएको छ भने पुराना केन्द्रहरू कमजोर हुँदै गएका छन्/ । अफ्रिका, ल्याटिन अमेरिका र अन्य क्षेत्रमा रहेको पश्चिमी जगत्को एकल उपस्थितिलाई उदीयमान राष्ट्रहरूले चुनौती दिँदै छन्/ । चीन र भारतले पछिल्ला दिनमा बढाउँदै गएको वर्चस्व यसको प्रत्यक्ष उदाहरण हो/ । सोभियत संघको विघटनपछि शीतयुद्ध समाप्त भएको थियो। अमेरिकी थिङ्क ट्यांक रहेका फ्रान्सिस फुकुयामाले सन् १९९२ मा ‘द इन्ड अफ हिस्ट्री’ पुस्तकमा शीतयुद्धपछिको विश्वमा साम्यवादको पतन भएको र अब मानवअधिकार, उदार लोकतन्त्र र स्वतन्त्र बजार अर्थतन्त्र एक मात्र वैचारिक विकल्प बाँकी रहेको तर्क गरे। उनले विश्वमा विचारधाराको हेगेलियन अर्थमा द्वन्द्वको अन्त्य भई ‘इतिहासको अन्त्य’ भएको तर्क गर्दै विश्वमा अब कुनै युद्ध नहुने विश्वास व्यक्त गरे। यस पुस्तकको ठीक एक वर्षपछि हन्टिङ्टनले सभ्यतामा आधारित नयाँ प्रकारको द्वन्द्वको बारेमा चर्चा गरे। पछि १९९६ पुस्तक ‘द क्लास अफ सिभिलाइजेशन एन्ड द रिमेकिंग अफ वर्ल्ड अर्डर’ लेखेर आफ्नो थेसिस विस्तार गरे। थेसिसमा सन्१९९० को दशक पछिको सभ्यताहरूको विश्वमा (१) पशिचमी, (२) ल्याटिन अमेरिकी, (३) अफ्रिकन, (४) ईस्लामिक, (५) सिनीक, (६) हिन्दु, (७) अर्थडक्स, (८) बुद्धिष्ट, र (९) जापनिज गरि नौ सभ्यताहरूको ध्रुबमा विभक्त भएको कुरा उल्लेख छ । सोहि पुस्तक अनुसार अहिलेको नयाँ विश्वमा स्थानिय राजनिति राष्ट्रिय राजनिति भएको छ, विश्व राजनिति सभ्यताहरूको राजनिति भएको छ ।

यी आठमध्ये कुन कुन सभ्यता बीच कडा वा नरम स्तरको द्वन्द्व एवं समन्वय हुने कुरा पनि उल्लेख गरेका छन्। यसै पुस्तकमा हन्टिङ्टनले युक्रेन बारे पनि भविष्यवाणी गरेका थिए।अहिले रूसद्वारा ‘विशेष सैन्य अभियान’ को नाममा घोषणा गरिएको युद्ध, रूस र युक्रेनबीच जारी छ। हन्टिङ्टनले ‘सभ्यताको संघर्ष’ पुस्तक लेख्दा यो विचार ९० को दशकमा दिएका थिए, तर आज विश्वका धेरै महत्वपूर्ण घटनाहरूले युग सभ्यताको संघर्षमा प्रवेश गरेको जस्तो लाग्छ। जस्तै भारतमा नरेन्द्र मोदीले हिन्दुत्व विचारधाराको सशक्तीकरण गर्नु, चीनको सी जिनपिङको पश्चिमी प्रभाव विरुद्धको संघर्ष, इस्लामिक कट्टरपन्थी, पश्चिम र अर्थोडक्स रूस देश बीचको द्वन्द्व, विश्वका धेरै देशमा इन्डिजिनिज्ममा आधारित राष्ट्रवादको उदयले यस प्रकारको सभ्यतावादको एक मोडको रूपमा देख्न सकिन्छ। रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले क्राइमिया र डोनबासमा रूसी जातीय संरक्षणको नाममा सैन्य आक्रमण गर्नु तथा युक्रेनको पक्षमा पनि पश्चिमा उभिनु यी सब घटना हन्टिङ्टनको सभ्यता थ्यौरीसँग नजिक रहेको छ। हिन्दु सभ्यताको पश्चिमा वा रूसीहरूसँग उस्तै उस्तै द्वन्द्व र समन्वय हुने पुस्तकमा उल्लेख गरे झैं युक्रेन मामलामा आज मोदीको तटस्थता हेर्दा पनि हन्टिङ्टनको सभ्यता थ्यौरीसँग मिलेकै देखिन्छ।

सिनिक र इस्लामिक सभ्यता बीच गठबन्धन हुने कुरा हन्टिङ्टनले भने झैं चीनको पाकिस्तान, बंगलादेशसँगको सहकार्य, इरान र टर्कीसँगको समझदारी र अफगानिस्तानको तालेवानीहरूप्रतिको स्नेहले हन्टिङ्टनले लेखेझैं, ‘शीतयुद्धपछिको संसारमा, मानिसहरूबीचको सबैभन्दा महत्त्वपूर्ण भिन्नताहरू वैचारिक, राजनीतिक वा आर्थिक होइनन् तर सांस्कृतिक हुनेछन्’ भन्ने तर्कलाई समर्थन पुगेको छ। स्यामुएल हन्टिङ्टनले ‘सभ्यताको संघर्ष’ पुस्तकमा भने अनुसार ‘अर्थोडक्स’ र ग्रीक क्याथोलिक युक्रेनको घरेलु दुई संस्कृतिवाद बीचको द्वन्द्व, भूराजनीतिक प्रतिस्पर्धाका कारण विशाल छिमेकी रूसको अर्थोडक्स र पश्चिमी युरोपको ग्रीक क्याथोलिकबीचको द्वन्द्वको स्वरूप लिएको हो। सन् १९६० को दशकमा प्रजातान्त्रिक विश्व, कम्युनिष्ट विश्व र असंलग्न देशहरू गरि तीन ध्रुबमा विभक्त भयो । तर अहिले विश्व बहुधुर्बमा विभाजित छ । तिन धुर्बमा मात्रै विभाजित हुदा हामि ति तिन मध्ये कुनै एक पक्षमा लागेका थियौं । तर अहिले विश्व बहु धुर्बमा विभाजित हुदा निश्चितै हामि पनि कुनै न कुनै धुर्बमा छौ । अहिलेको मौजुदा राज्य सत्ता यो सत्य बुझ्न चाहदैन फेरी सत्यलाई इन्कार गरेर असत्य पनि त्यो हुने होइन तसर्थ यस परिस्थितिमा सत्यको पक्षमा क्रान्ति अगाडी बढ्दा यावत प्रकारको विश्व परिस्थिति राष्ट्रिय मुक्ति क्रान्ति अनुकुल छ ।

च) शक्ति महसुस गर्न शक्तिको स्वरूप बुझौं

परिवर्तन काममा प्राय: हामी देखिने शक्तिमा केन्द्रित हुन्छौं- कानुन संशोधन गर्ने, प्रतिनिधित्व बढाउने जस्ता आदि । तर सोही अवस्थामा काम गरिरहेका र ठूलो प्रभाव पार्ने अमुर्त वा अदृष्य शक्तिलाई हामीले कम महत्व दिन्छौं । यदि शक्ति संरचनामा दिगो परिवर्तन ल्याउने हो भने, यिनलाई पूर्णरूपमा क्षीण पार्नुपर्दछ। यसको जगको काम गरिरहेका अमुर्त र अदृष्य शक्तिलाई पहिचान गरेर र क्षीण पारेर मात्र हामी सफल हुनसक्छौं ।

ज्ञान, सूचनामा पहुँच, सम्बन्ध, सामाजिक सञ्जाल सबैले आन्तरिक शक्तिलाई बढावा दिन मद्दत गर्दछन्। अन्यायबाट पीडित तथा सो विषयमा सरोकार राख्नेहरूले अन्यायको विरोध गर्न वा आवाज उठाउन र चुनौती दिन यसको प्रयोग गर्दछन्। शक्तिको सबैभन्दा प्रभावशाली स्वरूप भनेको अन्तरनिहित शक्ति हो र यसले विश्वबाट दासत्वजस्तो ठूलो अन्याय तथा शक्तिशाली तानाशाह एवं शासनको पनि अन्त्य गरेको छ। हामी बाहिरी बृहत् समाज वा समुदायमा शक्तिको परिवर्तन खोजिरहेका छौं, शक्ति ब्यूह रचना नबुझिकन त्यो सम्भव छैन। अर्को महत्वपूर्ण कुरा बहारी सबै परिवर्तनको अपेक्षा राख्छौ तर आफैंभित्र परिबर्तन खोज्दैनौं। हामी आफूभित्र आवश्यक पर्ने परिवर्तन देख्दैनौं। हामी आफूले गर्ने गरेको शक्तिको प्रयोग र दुरूपयोग माथि न्यून मात्रामा मात्र विचार गर्ने गर्दछौं। तर विश्वमा वास्तवमा परिवर्तनको अभियन्ता हुनका निम्ति हामीले आफैंबाट परिवर्तनको थालनी गर्नुपर्छ। हामीले महात्मा गान्धीको सुझाव सधैं मनन गर्नुपर्छ, ‘आफूले विश्वमा हेर्न चाहेको परिवर्तन पहिला स्वयंमै ल्याउनुपर्छ।’ हामी आफू तयार नभईकन अरुलाई बदलिन वा फरक तरिकाले सोच्नुपर्छ भन्न मिल्दैन, हामीले आफ्ना आचरण, विश्वास तथा व्यवहारमा परिवर्तन ल्याउन नचाहने तर अरुलाई त्यसो गर भन्न सुहाउदैन। ‘केबल शक्तिसँगको हाम्रो सम्बन्ध केलाएर, कुन शक्ति बिस्थापित गर्नुपर्ने हो र कहाँ बाट शक्ति प्राप्त गर्नु पर्ने हो त्यसको सहि ब्यूह रचना गर्न सके मात्र अहिलेसम्म प्राप्त हुन नसकेको शक्ति आर्जन गर्नसकिन्छ, रूपान्तरण सम्भव हुन्छ।’ यसको अर्थ, मानिस न्यायपूर्ण तरिकाले बाँच्न सक्छन्। स्वाभिमान र सम्मान प्राप्त हुन् सक्छ, हामी सबै राज्त्वका अधिकारी हुन् सक्छौं।

छ) राज्यको विभेदकारी शक्ति संरचना एवं त्यसको परिवर्तन बुझौं

अन्यायपूर्ण शक्ति संरचनाको उपस्थिति शक्ति संरचनामा सबैभन्दा माथि रहेका विशेष अधिकार सम्पन्न सीमित सम्भ्रान्त वर्ग जसलाई हामी “औपनिवेशिक सत्ता” भनेका छौं। उनीहरुलाई यस संरचनाको तल्लो तहमा रहेको ठूलो संख्याका सीमान्तकृत उत्पीडित तर स्वदेशी वर्गले आन्दोलनद्वारा सजिलै हटाउन सक्छन् भन्ने त्रास लागिरहेको हुन्छ। यसो नहोस् भनेर शक्ति संरचनाको पुछारमा रहेका व्यक्तिले पनि यस शक्ति संरचनालाई सहयोग गरुन् वा यस संरचनालाई मानुन् भनेर वा विभेदकारी शक्ति संरचनालाई कायम राखिरहन मानिस, ज्ञान र भौतिक स्रोत-साधन माथिको असमान नियन्त्रण एवं दमन कायम राख्नु प्राथमिकताको विषय हुन्छ। यस संरचनालाई उनीहरूले चुनौती नदिउन्, विरोध नगरुन् र माथिल्लो तहमा रहेकाहरूलाई हटाउने प्रयास नगरुन् भन्ने सोचका साथ निकै चातुर्यताका साथ यस संरचनाको रक्षा गर्न र चलायमान बनाइराख्न प्रभावकारी विधिको प्रयोग गरिएको हुन्छ। ती हुन्, विचार- पहिलो महत्वपूर्ण विधि भनेको विचार हो, अन्यायपूर्ण एवं असमान शक्ति संरचनालाई पनि पुष्टि गर्ने विचारधारा वा सिद्धान्त । त्यो भनेको के हो भने (क) सभ्यताको नाममा आधुनिकिकरणको प्रोजेक्ट, (ख) पश्चिमा ज्ञान प्रणालीमा आधारित राजनैतिक विचारधाराहरु(मालेमावाद, उदारवाद, समाजवाद पुच्छर भएका विभिन्न वादहरू आदि) (ग) विशिष्टताको सोच जस्तै पु-लिंगको सोच, पुरुषहरु बलियो वा बुद्धिमान हुन्छ र यस संरचनाका अन्यायपूर्ण अवस्थामाथि प्रश्न गर्न नहुने भन्ने मान्यता, वर्णको सोच, जसले गोरा व्यक्तिहरू बाठा हुने, क्षमतावान् हुने भएकाले काला वर्णमाथि दमन गर्ने अधिकार पाएको, यो देश नेपाली(पहाडीको) हो वा बाहुनको हो वा गोर्खालीको हो, हामी रैती हो उसको राजमा छौं उसैको राजलाई स्वीकार गरेर मात्र फाइदा लिनसक्ने विचार, (घ) उच निच जातको विचारधारा, जसले यस जन्ममा जात भनेको अघिल्लो जन्मको पापको उपज हो र जातका आधारमा(दलनको निम्ति उनीहरुले निर्धारण गरेको) आफ्ना जिम्मेवारी पूरा गरेर र जातीय नियमको पालन गरेर मात्र अर्को जन्ममा उच्च जातमा जन्म हुनसक्ने सोच। यसरी शक्ति संरचनाको रक्षा गर्नका लागि बनाइएका साधन मध्ये विचारधारा सबैभन्दा महत्वपूर्ण मानिन्छ। यस विधिले व्यक्तिलाई परम्परागत शासकीय प्रणालीको विरोध नगर्ने बनाउँछ, विरोधको साटो व्यक्ति त्यस अभ्यासको अंग बनेर सहभागी हुनपुग्छ। यस विधिले सबैलाई समाजमा आफ्नो स्थान स्वीकार गर्न सिकाउँछ। गज्जबको कुरा त के भने, विचारधाराकै कारण शक्ति संरचनामा सबैभन्दा बढी दमनमा परेका मधेशी, आदिवासी, दलित, मुस्लिम, पिछडा वर्ग, रंग विभेदका शिकार व्यक्ति वा गरिबहरू नै यसको प्रतिरक्षक हुनपुग्छन् । एक अदृष्य शक्तिका रूपमा रहेको विचारधारा निकै महत्वपूर्ण साधन हो। हामीले अन्यायलाई आत्मसात् गर्नुको मूल कारण यही विचारधारा हो। तसर्थ हाम्रो प्रहार पनि यिनै विचारधारा माथि हुनुपर्दछ तथा उक्त औपनिवेशिक एवं विभेदकारी विचारधाराको विकल्पमा हाम्रै माटोको दर्शनबाट उब्जेको स्वदेशवाद, बहुलराष्ट्रवाद र सामुदायिक समाजवाद को ज्ञान प्रणालीको प्रचार प्रसार र संस्थापन गर्नुपर्दछ।

स्थापित विधि र संस्था- दमनकारी राज्यले आफ्नो औपनिवेशिक सत्ता कायम गरिराख्न निश्चित सामाजिक मूल्य-मान्यता तथा नियमको सिर्जना गरेको हुन्छ। राज्यले स्थापित गरेको मिडिया शैक्षिक संस्थाहरूबाट पनि हामीले विचारधारा सिकिरहेका हुन्छौं, सामाजिक नियमहरू आत्मसात् गर्ने गर्छौं र विद्यमान शक्ति संरचनालाई दिगो बनाउने प्रकृया अघि बढाउछौं राज्य सरकार, न्यायालय, कानुनको कार्यान्वयन गराउने संरचना एवं प्रशासनिक अंग मिलेर राज्यले एक मुख्य शक्ति संरचनाको काम गर्छ जसले प्रत्यक्ष प्रभावमा रहेका मात्र होइन, परोक्ष सामाजिक शक्ति संरचनाहरूलाई पनि सुरक्षा दिन्छ, एवं सुरक्षा दिने विचारधारालाई पुनर्वहाली गर्दछ, स्थापित गरिरहन अनेक प्रयत्न गर्छ। यी संरचनाहरू एक-आपसबाट अलग छैनन्, बरु विविध किसिमले एकीकृत छन् र एक-अर्कालाई सघाइरहेका छन्। नेपाल मुलत मधेशी-थारु, आदिवासी-जनजाती, खस आर्य-बाहुन मिलेर बनेको देश हो। यी तीन वटै समुदायको बाहुल्य पनि अलग अलग भूगोलमा छ र जनसंख्या पनि बराबर छ। यस अवस्थामा तीन वटै समुदाय नामिलिकन शक्ति बन्नै सक्तैन। तर यी तीन मध्ये खासगरी दुइ समुदाय मधेशी-थारु, आदिवासी-जनजाती लाई सीमान्तकृत बनाइएको छ। राज्य प्रति स्वदेशको भावना नै नभए पछी, यिनीहरुको अपनत्व नै नभएपछी शक्ति कसरी बन्छ ? तसर्थ उपरोक्त दमनकारी शक्ति संरचना परिवर्तन गर्न, बिरोध एवं प्रतिरोध गर्नुको साथै हाम्रो ज्ञान प्रणालीमा आधारित रहेर औपनिवेशिक सत्ताको विकल्पमा स्वदेशी सत्ता (ग्राम स्वराज, गणराज्य, बहुल राष्ट्र राज्य) अभ्यासलाई मजबुत गर्दै जनताको भरोषा विभेदकारी औपनिवेशिक संरचना भन्दा स्वदेशी संरचना प्रति बढ्दै जाने परिस्थिति निर्माण गर्नु पर्दछ। अहिले उत्पिडितहरु बिचको एकता सहकार्य आवश्यक छ। त्यो एकताको शुत्र नै बहुल

*क्रमश:...*

सूचना ! सूचना !! सूचना !!!

‘व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।’

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

वीरगन्ज महानगरपालिका

पर्सा, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

‘व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।’

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

मटिहानी नगरपालिका

महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

‘व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।’

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

बसबरीया गाउँपालिका

सर्लाही, मधेश प्रदेश

# कर्मचारीको तलब नदिएकोले ईशनाथ नगरपालिकाको २१ वटा खाता रोक्का

राकेश यादव, रौतहट । जिल्लाको ईशनाथ नगरपालिकाको वित्तीय कारोबार हुँदै आएको खाता रोक्का भएको छ । रौतहट जिल्ला अदालत गौरले नगरपालिकाको नाउँमा राष्ट्रिय बाणिज्य बैंकमा सञ्चालन रहेको २१ वटा खाताको कारोबार रोक्का गरेको हो ।




उच्च अदालत र सर्वोच्च अदालतको फैसला कार्यान्वयनको लागि पीड़ित पक्षले रौतहट जिल्ला अदालतमा २०८१ साल साउन १८ गते दिएको निवेदनमा सुनवाई गर्दै जिल्ला अदालतको बिगो शाखाले नगरपालिकाको नाउँमा राष्ट्रिय बाणिज्य बैंकमा सञ्चालन रहेको २१ वटा खाता रोका गरेर जानकारी गराउन पत्राचार गरेको पीड़ितका बूबा गौरीशंकर यादवले जानकारी दिएका छन् ।

गौर नगरपालिका वडा नम्वर ५ मा घर भई हाल इशनाथ नगरपालिका वडा नम्वर १ को वडा कार्यालयमा कार्यरत सहायक कर्मचारी उमेश प्रसाद यादव र प्रतिवादी इशनाथ नगरपालिकाको कार्यालय औरैया रौतहट समेत भएको फैसला वमोजिमको विगो रकम दिलाई भराई पाउँ मुद्दामा रौतहट जिल्ला अदालतको माघ ४ गते को आदेशानुसार खाता रोक्का गरिएको तहसिलदार दुर्गाबहादुर कार्कीको हस्ताक्षर भएको पत्रमा उल्लेख गरिएको छ ।

अदालतको आदेशले ईशनाथ नगरपालिकाको नाउमा राष्ट्रिय बाणिज्य बैंकमा संचालन रहेको १२१०१००३०१०१०००६, १२१०१००३०१२०००६, १२१०१००३०१०३०००६, १२१०१००३०१०४०००६, १२१०१००३०१०५११०६, १२१०१००३०१०५१२०६, १२१०१००३०१०५१३०६, १२१०१००३०१०५१४०६, १२१०१००३०२०१०००६, १२१०१००३०२०२०००६, १२१०१००३०२०३०००६, १२१०१००३०२०४०००६, १२१०१००३०२०५५०००६, १२१०१००३०२०६०००६, १२१०१००३०२०७०००६, १२१०१००३००००००६, १२१०१००३०४०१०००६, १२१०१००३०५०१०००६, १२१०१००३०६०१०००६, १२१०१००३०७०१०००६ र १२१०१००३०७०२०००६ नम्बरको खाताहरुको आर्थिक कारोबार रोक्का भएको हो ।

निवेदक वादी उमेश प्रसाद यादव स्थायी कर्मचारी भएपनि निजको २०७० साल देखि लिएर २०७३ साल असार मसान्त सम्मको १० लाख ३९ हजार ७५० रुपैया तलव वापतको रकम तथा २ लाख ३३ हजार संचयकोषको रकम गरेर १२ लाख ७२ हजार ७५० रुपैया तत्कालिन समय देखि बाँकी रहेको निबेदनमा उल्लेख गरिएको छ ।

परिश्रम गरे बापतमा नेपाल सरकारबाट निर्बाद रुपमा पाउनु पर्ने तलब, भत्ता, पोषकको रकम बल्पुर्बक नगरपालिकाले रोक्का गरे पछि पीडित छोराले न्यायको लागि जिल्ला अदालत, पुनराबेदन अदालत र सर्वोच्च अदालत धाउँदै आएकोमा जिल्ला अदालत गौरको आदेशले खाता रोक्का भएपछि रोकिएको तलब भत्ता पाउने आशा पलाएको प्रतिक्रिया पीड़ितको बूबाको रहेको छ । तीन वर्ष अवधिको तलब नदिएकोमा अदालतको अवहेलना मुद्दामा सर्वोच्च अदालतले प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखा प्रमुख मनोज ठाकुरलाई जनही २५/२५ रुपैया जरिवाना समेत गरेको पीडित कर्मचारीको बुवा यादवले बताए ।

## जसपा नेपालसम्बद्ध भ्रातृ संगठनहरू राष्ट्रिय महाधिवेशनको तयारीमा

काठमाडौं । जनता समाजवादी पार्टी ( जसपा) नेपालसम्बद्ध भ्रातृ संगठनहरु राष्ट्रिय महाधिवेशनको तयारीमा जुटेका छन् । पार्टीका प्रचार प्रसार तथा प्रकाशन विभाग प्रमुख पूर्ण बस्नेतले पार्टीले आवश्यक तयारी पूरा गरी २०८२ बैशाख मसान्तभित्र सम्पूर्ण भ्रातृसंगठनलाई राष्ट्रिय अधिवेशन गर्न निर्देशन दिएबमोजिम भ्रातृसंगठन तथा पेसागत संगठनहरु आ-आफ्नो संगठनको अधिवेशनको तयारीमा जुटेको बताएका हुन् ।

पार्टीसम्बद्ध समाजवादी युवा संघ नेपाल, पिछडावर्ग महासंघ र समाजवादी विद्यार्थी युनियन नेपालले राष्ट्रिय महाधिवेशनको कार्यतालिका सार्वजनिक गरिसकेका छन् भने अन्य भ्रातृसंगठनहरुले पनि राष्ट्रिय अधिवेशनको तयारीलाई तीव्रता दिइरहेको बताइएको छ ।

जसअनुसार समाजवादी युवा संघ नेपाल केन्द्रीय समितिको आगामी २०८२ बैशाख १९ र २० गते वीरगञ्जमा राष्ट्रिय महाधिवेशन हुने भएको छ ।

त्यस्तै पिछडावर्ग महासंघको २०८२ बैशाख २५ गते गर्ने निर्णय गरेको छ । महाधिवेशनको थप तयारीको लागि संगठनले धनुषाको ढल्केबरमा आगामी माघ १० गते महासंघको केन्द्रीय समितिको बैठकसमेत आह्वान गरेको छ ।

त्यसैगरी समाजवादी विद्यार्थी युनियन नेपालको राष्ट्रिय महाधिवेशन लुम्बिनी प्रदेशको भैरहवामा २०८१ चैत्र ७ र ८ गते हुने भएको छ ।




## जिल्ला समाचार

### मधेश सरकारले छ सयभन्दा बढी सीमान्तकृत छात्रालाई छात्रवृत्ति दिदै

जनकपुरधाम । सीमान्तकृत तथा विपन्न समुदायका छात्राको उच्चशिक्षामा पहुँच बढाउन मधेश प्रदेश सरकारले मधेश प्रदेशका छ सयभन्दा बढी छात्रालाई छात्रवृत्ति दिने प्रक्रिया अघि बढाएको छ । दलित, विपन्न, मुस्लिम तथा जेहेन्दार गरी चार समूहमा विभक्त सो छात्रवृत्तिका लागि लाभग्राहीको छनोट अन्तिम चरणमा पुगेको मधेश प्रदेश शिक्षा निर्देशनालयका निमित्त निर्देशक ठूलोबाबु दाहालले बताए । उनका अनुसार छात्रवृत्तिका लागि छनोटमा परेका निर्धारित समूहका छात्रालाई सामान्य धारतर्फ २५ हजार र प्राविधिक धारतर्फ ३५ हजार रुपैयाँ वार्षिक छात्रवृत्ति रकम दिइनेछ । पर्याप्त सँख्यामा आवेदन परेकाले निर्धारित चार समूह र जिल्लागत ढंगले बराबरी हुनेगरी छात्रवृत्तिका लागि उम्मेदवार छनोट हुने निमित्त निर्देशक दाहालको भनाइ छ ।

प्रदेश सरकारले सो कार्यक्रमका लागि चालू आर्थिक वर्षमा एक करोड पचास लाख रुपैयाँ विनियोजन गरेको छ । प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिँहले कमजोर तथा जेहेन्दार छात्रालाई उच्चशिक्षा हासिल गर्न सुविधा हुने र आत्मबल वृद्धि गर्ने उद्देश्यले कार्यक्रम छात्रा छात्रवृत्ति ल्याइएको बताए । उनले आर्थिक कारणले नै छात्राको पढाइ अवरुद्ध हुने गरेको अनुभवका आधारमा छात्रवृत्ति दिएर छोरीशिक्षालाई प्रदेशमा प्रवर्द्धन गर्न थालिएको पनि उल्लेख गरे ।

मधेश प्रदेशमा जन्मिएर देशका कुनै पनि सामुदायिक सार्वजनिक शिक्षण संस्थामा अध्ययनरत निर्धारित समूहका छात्रालाई दरखास्त दिन गत मंसिरमा आह्वान गरिएको थियो । जनकपुरधामस्थित प्रदेश शिक्षा निर्देशनालय र प्रदेशका आठवटै जिल्लास्थित शिक्षा विकास तथा समन्वय एकाइको कार्यालयमा दरखास्त दिने व्यवस्था गरिएको थियो । प्रदेश शिक्षा निर्देशनालयका निमित्त निर्देशक दाहालले निर्देशनालयमा एक हजार ७१ वटा दरखास्त परेको र विभिन्न जिल्लास्थित शिक्षा विकास तथा समन्वय एकाइहरूबाट दरखास्त संकलन भइरहेको जानकारी दिए । छनोटमा परेका छात्रालाई सीधा खातामा जानेगरी छात्रवृत्ति रकम पठाइने निर्देशनालयका अधिकृत थनेश्वर यादवले बताए ।

### महासंघका निर्वाचित पदाधिकारीहरुलाई महिला फाउण्डेशनको सम्मान

राजविराज । हालै सम्पन्न नेपाल पत्रकार महासंघ निर्वाचनमा तीनै तहमा सप्तरीबाट निर्वाचित भएका पदाधीकारीहरुलाई तराई-मधेश महिला फाउण्डेशन नेपालले सम्मान गरेको छ । फाउण्डेशनले बुधबार एक कार्यक्रमको आयोजना गरी नवनिवार्चित जिल्ला कार्य समिति, प्रदेश र केन्द्रीय पार्षद तथा केन्द्रीय सदस्यलाई सम्मान गरेको हो । कार्यक्रमका प्रमुख अतिथि फाउण्डेशनकी अध्यक्ष सुनिता साह “क्रान्ति”ले पत्रकार महासंघका निर्वाचित पदाधीकारीहरुलाई दोसल्ला तथा उपहारबाट सम्मान गरेकी हुन् । कार्यक्रममा प्रमुख अतिथि फाउण्डेशनकी अध्यक्ष साहले नवनिर्वाचित पदाधिकारीहरुलाई सफल कार्यकालको शुभकामना दिँदै पत्रकारहरुले महिला सशक्तिकरणका लागि अझ सशक्त रुपमा कलम चलाउनु पर्नेमा जोड दिइन् । सो अवसरमा महासंघका अध्यक्ष श्रवणकुमार देवले सम्मानसँगै आफूहरुको जिम्मेवारी बढ्दै गएको बताउँदै समाज उत्थानका लागि आफूहरुले कलम मार्फत सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए ।

### मेटलाईफ र फरवार्ड नेपालद्वारा न्यानोकपडा वितरण

सुनसरी । मध्यजाडोमा सुनसरीका गरिब, विपन्न नागरिकलाई न्यानो कपडा वितरण गरिएको छ । गढी गाउँपालिकाका २ सय घर परिवार तथा दुहवी नगरपालिका वडा नं ९ स्थित बिङ्गडी टोलका करिब ७० घर परिवारलाई न्यानो कपडा वितरण गरिएको हो। पछिल्लो केही दिन देखि तराईमा चलेको शीत लहरसँगै चिसो अत्यधिक बढेपछि मेटलाइफ इन्स्योरेन्सको सहयोगमा ग्रामीण महिला विकास उत्सुकता मञ्च (फरवार्ड) ले न्यानो कपडा वितरण गरेको हो । फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्थाले संयोजन गरेको कार्यक्रममा पूर्वमहिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री सांसद भगबती चौधरी तथा मेटलाइफ नेपालका प्रतिनिधि निराजन बुढाथोकीले न्यानो कपडा वितरण गर्नुभयो । कार्यक्रममा बोल्दै सुनसरी क्षेत्र नं. ३ की सांसद भगबती चौधरीले आर्थिक अवस्था कमजोर भएका नागरिकको जिउधनको सुरक्षामा सबैले सहयोग गर्नुपर्ने बताउनु भयो । सामाजिक उत्तरदायित्व अन्तरगत हरेक व्यवसायिक क्षेत्रले सामाजिक कामहरु गर्दा आर्थिक, सामाजिक रुपमा पछि परेका नागरिकको जीवनस्तर सुधार्न सहयोग पुग्ने सांसद चौधरीको भनाई छ ।

सांसद चौधरीले महिला सशक्तिकरणसँगै आफ्नो निर्वाचन क्षेत्रका गरिब, विपन्न परिवारको आर्थिक उन्नतिको निम्ति विभिन्न कार्यक्रम लिएर बस्ती बस्तीमा गईरहनु भएको छ । गत वर्ष पनि यसै समयमा चौधरीले पुस माघको कठ्याङ्ग्रिंदो जाडोबाट एक हजार गरिब, विपन्न नागरिकलाई बचाउन न्यानो कपडा वितरण गर्नु भएको थियो । तराईमा शीतलहरले जनजीवन कष्टकर बनिरहेको बेलामा न्यानो कपडा वितरणको निम्ति सांसद चौधरीले पहल गरेर कार्यक्रम ल्याउनु भएको हो ।

### वीरगन्जमा जसपाको बृहत पार्टी प्रवेश कार्यक्रम

वीरगन्ज । अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी (जसपा)को बृहत पार्टी प्रवेश कार्यक्रम वीरगन्जमा सम्पन्न भएको छ । जसपा पर्सा जिल्ला कमिटीले शनिबार आयोजना गरेको बृहत पार्टी प्रवेश कार्यक्रममा हजारौंको संख्यामा पार्टी प्रवेश गरिएको हो । लोसपाका केन्द्रीय उपाध्यक्ष तथा पर्सा जिल्ला अध्यक्ष पुरुषोत्तम लाल झा समेत हज़ारों को संख्यामा जसपामा प्रवेश गरेका छन् । नव प्रबेशी पुरुषोत्तम लाल झा समेत सबै नेता तथा कार्यकर्ताहरूलाई जसपा केन्द्रीय अध्यक्ष अशोक कुमार राईले पार्टीमा स्वागत गरेका छन् । कार्यक्रममा जसपा नेता एवं खानेपानी मन्त्री प्रदीप यादवले भनेका छन्, ‘उहाँहरूको पार्टी प्रवेशले जसपा मा प्रबेशका लहर नै चलेंको छ्ायो प्रबेशले जसपाको सिद्धान्त र उद्देश्यप्रति भरोसा र समर्पणलाई अझ मजबुत बनाउनेछ । समाज परिवर्तन र समृद्धिको यात्रामा हामीले लिएका कदमहरूमा उहाँजस्तो ऊर्जावान नेता तथा साथीहरूको साथ महत्वपूर्ण छ ।’

# नेपाल-भारत मैत्री संघद्वारा पीडित परिवारलाई सहयोग




राकेश यादव, रौतहट । नेपाल-भारत मैत्री संघ केन्द्रीय कार्यालय काठमाडौको सहयोग र नेपाल भारत मैत्री संघ जिल्ला कार्य समिति रौतहटको सहकार्यमा अग्निपीडित परिवारलाई सोमबार कपडासहित खाद्यान्न सामग्री वितरण गरिएको छ ।

गएको पुस १४ गते मध्यरातमा भएको आगलगीबाट घर जलेर नस्ट भएका रौतहट जिल्लाको राजदेवी नगरपालिका वड़ा नम्बर ५ पताहीका ८ घर परिवारलाई नेपाल भारत मैत्री संघ केन्द्रीय कार्यालयले राहत उपलब्ध गराएको हो ।

जिल्ला कार्य समिति रौतहटको पहलमा केन्द्रीय कार्यालयले उपलब्ध गराएको राहत सामग्री पीडित परिवार वितरण गरिएको जिल्ला अध्यक्ष ग्रीसनंदन कुमार सिंहले जनकारी दिएका छन् ।

केन्द्रीय कार्यालयको कार्यवाहक अध्यक्ष चन्द्रमोहन झा, केन्द्रीय सदस्य सत्यनारायण अग्रवाल, केन्द्रीय सदस्य अरुण सिंह, मधेश प्रदेश अध्यक्ष रणधीर कुमार सिंह, वडा अध्यक्ष सुरेश पण्डित लगायतका उपस्थितिमा पीडित परिवारलाई राहत सामग्री दिइएको हो ।

अग्निपीडित जगरनाथ पासवान, बाबूलाल पासवान, कान्ति देवी पासवान, रामनाथ पासवान, सोगारथ पासवान, प्रदीप पासवान नागेन्द्र पासवान र दीपेन्द्र पासवानलाई चामल २५ किलो, दाल ३ किलो, खाने तेल १ लिटर, नून १ किलो, कम्बल २ थान, साडी २ थान, लुंगी १ थान, नुहाउने साबुन २ वटा र लुगा धुने साबुन २ वटा प्रति परिवारलाई दिइएको जिल्ला अध्यक्ष गृसनन्दन सिंहले जानकारी दिएका छन् ।

राहत सामग्री हस्तान्तरण गर्न घटनास्थल पुगेका कार्यवाहक अध्यक्ष झाले आगलगीको घटनाले आहात भएको बताए । दुःखद घटनाको बारेमा जानकारी पाएपछि पीडामा सहयोगीको भूमिका निर्वाह गरेको बताए । 'हामीले घाउमा मलहम लगाउने कार्य गरेको छु, थप हुन सक्ने सहयोग गर्ने प्रयास गर्नेछु,' उनले भने, 'अवस्था देखेर दुखित भएकोले आउने दिनमा हुन सक्ने सहयोग गर्ने', प्रतिबद्धता जनाए । पीडित परिवारहरुले आगोबाट घर र घरमा भएका सामग्रीसमेत जलेर नष्ट भएकोले आफूहरुलाई घरको व्यवस्था गराई दिन आग्रह गरेका थिए । पीडितहरुको आग्रह सुनेर नेपाल-भारत मैत्री संघ मधेश प्रदेशका अध्यक्ष रणधीर कुमार सिंहले स्थानीय सरकारले जग्गाको व्यवस्थापन गर्नु पर्ने र वडा तथा नगरपालिकाले सिफारिश गरेमा घर निर्माणको लागि जस्ता पत्ताको सहयोग गर्ने बताए ।

वडा कार्यालय र नगरपालिकाबाट नेपाल-भारत मैत्री संघको नाउँमा सिफारिश गराएर पठाउनु र आवश्यकता अनुसारको घर निर्माणमा सहयोग गराउने प्रयास गर्ने पीडितलाई सुझाव दिए ।

# आवत-जावत तथा बसोबास गर्दा भिसा नचाहिने कानून बनाउँछौं : गृहमन्त्री लेखक



काठमाडौं । गृहमन्त्री रमेश लेखकले अहिलेको अध्यादेश प्रतिस्थापन गर्ने कानून बन्दा गैरआवासीय नेपालीलाई नेपालमा आवत-जावत तथा बसोबास गर्दा भिसा नचाहिने कानून बनाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

मन्त्रीपरिषद्को सिफारिसमा राष्ट्रपतिले जारी गरेको अध्यादेशमा भएको केही प्रावधानले विदेशमा रहेका ८० लाख नेपालीहरुलाई निराश बनाएको भन्दै सरकारको ध्यानाकर्षण गराउन सिंहदरबार पुगेको गैरआवासीय नेपाली संघका अध्यक्ष डा बद्री केसी नेतृत्वको प्रतिनिधिमण्डललाई आश्वास्त पार्दै गृहमन्त्री लेखकले उक्त प्रतिबद्धता जनाएका हुन् ।

बिहिबार अबेर राति सिंहदरबारस्थित गृहमन्त्रीको कार्यकक्षमा भएको भेटमा अध्यक्ष डा केसीले उक्त अध्यादेशमा भएको गैरआवासीय नेपाली नागरिकता बहाक नागरिकलाई १० वर्ष भिसा शुल्क नलाग्ने सम्बन्धमा भएको प्रावधानले गैरआवासीय नेपाली नागरिकताको सवालमा संविधानले परिकल्पना गरेको अधिकारलाई सम्बोधन नगरेको र संविधानको धारा १४ को मर्म अनुसार नभएको भन्दै सो कदमले विदेशमा रहेको ८० लाख नेपाली निराश भएको भन्दै गृहमन्त्रीको ध्यानाकर्षण गराए । उनले भने, 'हालै मात्र जारी भएको अध्यादेशमा गैरआवासिय नेपाली नागरिकहरूलाई १० बर्षको भिसा दिने व्यवस्था गरिएको छ, 'आफ्नै नागरिकलाई स्वदेश प्रवेश गर्दा भिसा दिने विरोधाभाषपूर्ण अध्यादेशले समस्त गैरआवासीय नेपालीहरूलाई निराश तुल्याएको छ ।

जवाफमा गृहमन्त्री लेखकले गैरआवासीय नागरिकता लिएका व्यक्तिले संविधानमा उल्लेख भए बमोजिमको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार प्रयोग गर्न पाउनेगरी आउने हिउँदे अधिवेशनमा कानुन बनाउने प्रतिबद्धता गरे । साथै अहिलेको अध्यादेश प्रतिस्थापन गर्ने कानून बन्दा गैरआवासीय नेपालीहरूलाई नेपालमा आवत जावत गर्दा तथा बसोबास गर्दा भिसा नचाहिने कानून बन्ने प्रतिबद्धता समेत गरे । सो अवसरका महिला उपाध्यक्ष रोजिना प्रधान राई, एसिया प्यासिफिक क्षेत्रीय संयोजक हरिप्रसाद भट्टराई र गैरआवासीय नेपाली नागरिकता फोकल फर्सन सरोज दाहालको उपस्थिति रहेको थियो ।

मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट जारी 'आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश,२०८१ मा समेटिएको संशोधनको संघले स्वागत गरेको भएको भएपनि 'सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ केही प्रावधान उपर गैरआवासीय नेपाली संघले असन्तुष्टी राख्दै संविधानतः अधिकारको लागि सरकारसँग आग्रह गरेको हो ।

# निजामती सेवा ऐन जारी गर्ने यो उपयुक्त समय हो : मन्त्री गुप्ता



काठमाडौं । संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले सघीय निजामती सेवा ऐन पारित गर्ने यो उपयुक्त समय भएको बताएका छन् ।

हालै सरुवा भइ आएका सचिव रविलाल पन्थलाई बुधबार मन्त्रालयमा स्वागत गर्दै उनले देशकै चासोका रूपमा रहेको 'सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेय, २०८०' संसदबाट पारित गर्ने उपयुक्त अवसर भएको बताएका हुन् ।

आउँदो संसद अधिवेशनबाट यो विधेयक पारित गराउने कार्यमा आफू अत्यन्तै क्रियाशील रहेको जानकारी दिँदै उनले भने, 'निजामती सेवासम्बन्धीको यो विधेयक आउँदो अधिवेशनमा प्रवेश र पारित हुन्छ । देशको पहिलो र दोस्रो शक्ति मिलेर बनेको सरकारले पनि पारित गरेन भने यो विधेयक अलपत्र पर्छ ।' यो विधेयक अहिले पारित नभए कहिले आउँछ र पारित हुन्छ कुनै ठेगान नहुने मन्त्री गुप्ताको भनाइ छ ।

निजामती सेवा ऐन बनाउनु संविधान बनाउनुजस्तै ठूलो काम भएको चर्चा गर्दै उनले ऐन जारी गर्नाका लागि सबैको रचनात्मक सहयोग आवश्यक रहेको बताए । '२०७० सालको संविधान सभाले समयमै संविधान जारी गर्न नसक्दा हामी सभासदहरूलाई संसदको लोगो लगाएर हिँड्न पनि मुश्किल थियो, संविधान नै थाहा नभएकाले पनि संविधान कहिले आउँछ सभाषदज्यू भनेर पाइलैपिच्चे प्रश्न गरेको यादहरू ताजै छ । त्यस्तै भएको छ यो निजामती सेवा विधेयक पनि,' मन्त्री गुप्ताले विगत सम्झिदै भने, 'अनेक अवरोधका बीच हामीले २०७२ सालमा संविधा जारी गर्‍यौं, तर त्यसको नौ वर्ष पुग्दासम्म निजामती सेवा ऐन निर्माण गर्न सकेका छैनौं । यसबाट हामी सबै चिन्तित छौं । अहिले पारित गरेरै छाड्छौं ।'

निजामती सेवा ऐन निर्माणले कर्मचारी प्रशासन व्यवस्थित गर्नाका साथै वर्तमान सरकार र देशै सफलताको बाटोतर्फ उन्मुख हुने उनको भनाइ छ । आफूले मन्त्रालयको कार्यभार सम्हालेदेखि नै यो ऐनलाई प्राथमिकतामा राख्दै आएको तथा एक सय र दुई सय दिनको आफ्नो कार्यप्रगति विवरण तथा प्रधानमन्त्रीसँग गरिएको कार्यसम्पादन सम्झौतामा समेत यो विषयलाई पहिलो प्राथमिकतामा राखेको मन्त्री गुप्ताले स्पष्ट गरे ।

राज्य व्यवस्था समितिमा अन्य विधेयकहरूको चाङ हुँदा पनि निजामती कर्मचारी सेवासम्बन्धी विधेयकलाई छलफलमा लैजान पहल गरिएको स्मरण उनले गरे । फलस्वरुप विधेयक दफवार छलफलको चरणमा प्रवेश गरेको छ ।


## सबैलाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गरौं

- शिक्षा प्रत्येक बालबालिकाको अधिकार हो यसलाई सुनिश्चित गरौं,
- सबै बालबालिकालाई विद्यालयमा पुऱ्याऔं,
- प्रौढ शिक्षा, अनौपचारिक शिक्षा मार्फत सबैलाई साक्षर बनाऔं,
- शिक्षामा आधुनिक प्रविधिको प्रयोग गरौं,
- शिक्षामा लैंगिक समानता सुनिश्चित गरौं,
- प्राविधिक र व्यावसायिक शिक्षालाई जोड दिऔं,
- शिक्षामा सबैको सहभागिता सुनिश्चित गरी सभ्य समाजको निर्माण गरौं,
- साक्षरता कार्यक्रम सञ्चालन गरौं, साक्षर नेपाल निर्माण गरौं ।



नेपाल सरकार
विज्ञापन बोर्ड




पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

**कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।**

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
**हनुमानस्थानचोक, अनामनगर, काठमाडौं**
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं